

बुद्धिजम अर्थतन्त्र र आजको आवश्यकता

सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

पृष्ठ २

जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

# पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०१

**A-One इटाको नयाँ उत्पादन बजारमा**

**अत्याधुनिक प्रविधिबाट उत्पादित सिद्धकाली ब्रिक्स प्रा.लि. कमल-१ सोलमारीमा ठूलो साइजको A–One इटाको बुकिङ खुल्ला गरिएको छ ।**

भट्टा सम्पर्क : **विष्णु कार्की**
९८५२६७०३०५/९८०२६२६५५/९८१६३१३२७१

**म्यानेजर**
९८०२६२६६४०

दमक सम्पर्क : **लुसन कार्की**
९८०२६२६६२८/९८५२६२६६२८

❑ **वर्ष-२०** ❑ अंक - ११९ ❑ २०८२ वैशाख १६ गते मंगलबार ❑ **Tuesday 29 Apr. 2025** ❑ मूल्य ७ /-

## संक्षेप

### अरुणमा जीप खस्यो, तीन जनाको उद्दार

**धनकुटा**/संखुवासभाको खाँदबारी नगरपालिका-९ तुम्लिङटारबाट हिलेतर्फ जाँदै गरेको जीप अरूण नदीमा खसेको छ । प्रहरीका अनुसार सोमबार दिउँसो पौने ३ बजे धर्मदेवी नगरपालिका-८ सुर्तीबारीमा पैदलयात्रीलाई ठक्कर दिएपछि गाडी अनियन्त्रित भएको थियो । गाडी अरूण नदीमा डुबिसकेको छ । गाडीमा सवार तीन जनाको उद्धार गरिएको प्रहरीले जनाएको छ । कति नम्बरको, कहाँको गाडी भन्ने अझै पत्ता लाग्न सकेको छैन ।

### स्वीमिङ पुलमा डुबेर मृत्यु

भद्रपुर/ झापाको भद्रपुरमा होटलको स्विमिङ पुलमा डुबेर बालकको मृत्यु भएको छ । आइतबार साँझ भद्रपुर नगरपालिका वडा नम्बर ८ एयरपोर्ट नजिक रहेको होटल उडल्याण्डको स्विमिङ पुलमा भारतीय सचिन गोस्वामीको अन्दाजी ८ वर्षीय बिरू गोस्वामी स्विमिङ पुलमा पौडी खेल्ने क्रममा डुबेका थिए । बालक गोस्वामीको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

### मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

विराटनगर । मोरङको सुनवर्षी नगरपालिका-९ स्थितमा मोटरसाईकल अनियन्त्रित भई दुर्घटना हुँदा १ जनाको मृत्यु भएको छ । वैशाख १४ गते डाइनियाबाट सिक्टी तर्फ जाँदै गरेको बीआर ३९ एच २९५६ नम्बरको भारतीय मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा सोही स्थानका २० वर्षीय साहवन आलम गम्भिर घाइते भएकोमा मोरङको रंगेली अस्पतालमा उपचारको क्रममा उनलाई चिकित्सकले मृत घोषित गरेका थिए ।

### मोरङमा गुडिरहेको टिपरमा आगलागी

उर्लाबारी/ मोरङको बिराटनगर बिराटचौक सडक खण्डको मिलनचौकमा दिउसो डेढ बजेतिर गुडिरहेको टिफरमा आगलागी भएको छ । मोरङको मोतीपुरबाट इनरूवाको भुटाह तर्फ गिट्टी लोड गरेर जादै गरेको प्र १-०२-००१ ख ८५३१ नम्बरको टिफरमा अचानक आगलागी भएको अस्थाई प्रहरी चौकी घिनाघाटले जनाएको छ । आगलागी बाट टिफरको अघिल्लो भाग पुर्ण रूपमा जलेको छ । टिफरका चालक साजन सरदारका अनुसार गाडिमा धुवाको गन्ध आएपछि रोकेर हेर्दा आगो सल्कि सकेको र नजिकैको घरबाट बाल्टिमा पानी बोकेर निभाउने प्रयास गर्दा आफुले आगो नियत्रणमा लिन नस्कको बताए । टिफरमा लागेको आगोलाई बिराटनगर महानगरपालिकाको दमकलले करिब २० मिनेटको प्रयासमा नियन्त्रणमा लिएको थियो । टिफर चालक सरदारलाई नियन्त्रणमा लिएर प्रहरीले घटनाको अनुसन्धान अगाडि बढाएको अस्थाई प्रहरी चौकी घिनाघाटका प्रमुख सही राझेश खड्काले बताए ।

### पालिका प्रमुखका ८४ को चाहना

बेलबारी/ सुन्दरहरैंचा नगरपालिकाका नगरप्रमुख केदारप्रसाद गुरागाई ०८४ को निर्वाचनमा पुनः अध्यक्षमा उठ्ने चाहना व्यक्त गरेका छन । उनले पार्टीले टिकट दिए आगामी स्थानीय तह निर्वाचन (२०८४) मा पुन मेयर पदमा उम्मेदवारी बताएका हुन । नेकपा एमाले सुन्दरहरैंचा नगर कमिटीको नयाँ कार्यसमितिको सपथग्रहण कार्यक्रममा बोल्दै उनले आफू सबै नगरप्रमुखहरु भन्दा लोकप्रिय भएको समेत दाबी गरेका छन् । उक्त सपथग्रहण कार्यक्रममा बोल्दै उनले भने, "सबै मेयरमध्ये म नै सबैभन्दा पपुलर छु ।" उनले विकासका काममा अन्य पालिका भन्दा सुन्दरहरैंचा पपुलर भएको बताएका हुन् ।

# राजावादीहरू एक ठाउँमा जोडिंदै

पूर्वसन्देश समाचार



दमक । राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालले राजधानीमा आयोजना गरेको एक कार्यक्रमले कमल थापा र राजेन्द्र लिङदेनलाई नजिक बनाएको छ ।

सोमबार काठमाडौँको शान्तिबाटिकामा राप्रपा, नेपालले आयोजना गरेको सभा राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनलाई देखेपछि कार्यकर्तामा उत्साह थपेको थियो । २०७८ मंसिरमा भएको राप्रपाको एकता महाधिवेशनमा अप्रत्यासित रूपमा पराजित भएपछि राप्रपा नेपाल ब्यूँताएका कमल थापाको राजनीतिक कार्यक्रममा सम्भवतः पहिलो पटक राजेन्द्र लिङ्देन सहभागी भएका हुन । यि दुई नेता छुट्टिएको साढे तीन वर्षपछि कमल थापा र राजेन्द्र लिङ्देन नजिकिए पछि राजावादीको पंक्ति उत्साहित देखिएको छ ।

सडकमै राखिएको कुर्सीमा एकसाथ यी दुई नेता बसेपछि राजा र हिन्दुवादी खुसी भए । कमल थापा सँगैको कुर्सीमा बस्न पुग्दा लिङ्देनले दाजु भनेर सम्बोधन गरेका थिए । लिङ्देनको उपस्थितिले थापा पनि हँसिलो बाँकी ४ पेजमा ▸▸

## दमकमा शिक्षक आन्दोलन





**दमक/** काठमाडौं केन्द्रीत शिक्षक आन्दोलन २७ दिन पुगेपछि विभिन्न जिल्लामा समेत प्रदर्शन सुरू भएको छ । सोही क्रममा सोमबार दमक चोकमा शिक्षकहरू भेला भई प्रदर्शन गरे । आन्दोलन गरेका छन् । शिक्षक आन्दोलन भएको आज २७ दिन भयो । तरपनि न समस्या समाधान गर्ने निकाय झुक्न चाहेको छ न समस्या सुनाउनेको आवाज घटेको छ । उनीहरूले 'शिक्षा ऐन जारी गर' 'शिक्षक माथीको प्रहरी दमन बन्द गर' जस्ता नारा लगाएका थिए । गणतन्त्र चोकमा शिक्षकहरूले आफ्नो स्थानीय तहका नेता, जप्रतिनिधीलाई पनि बुझाउन भन्दै लगाइएको नारा हो । सयौ संख्यामा सहभागी शिक्षकहरूले कोणसभाको आयोजना गर्दै सरकाालाई गणतान्त्रीक शिक्षा ऐन जारी गर्न माग गरेको गौरादह स्थित जनता माविका प्रधानाध्यापक रत्न कट्वालले बताए ।

राज्य संयन्त्र सामुदायकी विद्यालयको शिक्षा मासेर निजी विद्यालयलाई प्रोत्सहन गर्न लागी परेको आरोप लगाउँदै शिक्षक महासघं गौरादहका अध्यक्ष लिलानाथ गौतमले भने - शिक्षकको माग पुरा गर्दा सत्ताधारीहरूको खर्च घट्ने चिन्ताले आन्दोलनलाई ल्याङ्गरीङ गरिरहेको आरोप लगाए ।

## बसपार्कको सौन्दर्यकरणमा दमक नपा




**दमक/** चोक छेउमा रहेको दमक बस पार्कलाई सौन्दर्य तथा हरियालीकरण पार्ने तर्फ दमक नगरपालिकाले चासो देखाएको छ । बस पार्कको पूर्व साइडमा रहेको खाली जग्गामा सुन्दर पार्क निर्माणकालागि दमक नगरप्रमुख रामकुमार थापाले सोमबार शिलान्यास गरेका छन् । पार्कमा भगवान बुद्धको स्तम्भ र विश्वकर्मा बाबाका मूर्ति निर्माण हुनेछन् । छेउछेउमा हरियाली तथा आगन्तुकहरूका लागि बस्ने स्थानको व्यवस्था बाँकी ४ पेजमा ▸▸




# मौरीपालन आम्दानीको स्रोत बन्दै

***इटहरी/*** *इटहरी उपमहानगरपालिका-४ का कृषक युवराज भट्टराईले मौरीपालन गरेर वार्षिक रू आठ लाख बढी आम्दानी गरिरहेका छन् । मौरी चरनका लागि मौसम अनुकूल भएमा मह धेरै उत्पादन हुन्छ । आधुनिक प्राविधि प्रयोग गरी मौरीपालनबाट मनग्ये आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण बनेका छन् भट्टराई । "बुवाकै सल्लाहमा विसं २०७२ मा मौरीपालन सुरू गरको हुँ", उहाँले भन्नुभयो । हाल ६२ घार मौरी उहाँले पाल्नुभएको छ । वार्षिक नौ देखि १२ क्वीन्टलसम्म मह उत्पादन हुने र त्यसबाट रू आठ लाख बढी आम्दानी गरिरहेको उनी बताउँछन् ।*

*सुरूमा मह उत्पादन भएपनि बजारको समस्या थियो । अहिले त्यो समस्या समाधान भएको छ । उत्पादित मह बिक्री हुने गरेको छ । मौरीलाई दैनिक स्याहार्नु पर्दैन । चार/पाँच दिनमा घारको अवस्था, मौरीको सक्रियता, खानको लागि फूलको रस पुगेको छ कि छैन, रोग लागेको छ कि छैन भनेर निगरानी गर्दा हुने उनको भनाइ छ ।*

*भट्टराईले युरोपेली मेलिफेरा जातको मौरीपालन गरिरहेका छन् । यो जातको मौरी रोगप्रतिरोधी हुने र मह उत्पादन धेरै गर्छ । घारलाई भने घाम लाग्ने पारिलो ठाउँमा ठाउँमा राख्नुपर्छ । मौरीलाई फूल फुल्ने बोटबिरूवा पानीको स्रोत हुनुका साथै शान्त वातावरण आवश्यक पर्छ । त्यसैले एकदेखि दुई महिनामा स्थान परिवर्तन गराइदिने गर्नुपर्छ ।*

*भट्टराईको फार्ममा उत्पादित मह स्थानीय बजारका साथै विराटनगर, दमक र काठमाडौँसम्म बिक्री हुने गर्छ ।*

*"अनलाइन अर्डर हुँदा कुरियर गरेर पठाउने गरेको छु", भट्टराईले भने, "महको मूल्य गुणस्तर, स्वाद साथै खर्च हेरेर निर्धारण गरिन्छ, । मैले धेरै जसो तोरी बारीमा, आँप, लिची, सूर्यमुखी फूललगायत बगानमा सिजनअनुसार मौरी चराउन लाने गरेको छु । अहिले प्रतिकेजी रू एक हजारमा मह बिक्री गर्दै आएको छु । महसँगै रू १० हजारका दरले मौरीसहितको घारसमेत बिक्री गर्दै आएको छु", उनले भने ।*

*इटहरी उपमहानगरपालिकाले वर्षमा केही उपकरण र घार अनुदान दिएको छ । यसलाई अझ व्यवस्थित गर्न बजारको अध्ययनसँगै आधुनिक प्रविधिको घार, मौरीपालन सीपका लागि सरकारबाट सहयोग भएमा आम्दानीको राम्रो सम्भावना रहेको उनको भनाइ छ ।*

## आवासीय चिकित्सकले निर्वाह भत्ता पाउने

**दमक/** निजी मेडिकल कलेजका सञ्चालकहरु आवासीय चिकित्सकले ४८ हजार ७३७ निर्वाह भत्ता पाउने भएका छन् । सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा बसेको चिकित्सा शिक्षा आयोगको १९ औं बैठकले निजी मेडिकल कलेजका आवासीय चिकित्सक ४८ हजार ७३७ निर्वाह भत्ता पाउने निर्णय गरेको हो ।

उक्त बैठकलले आवासीय चिकित्सक आन्दोलन फिर्ता गरी आफ्नो काम र अध्ययनमा फर्कनुपर्ने निर्णय गरेको छ ।

आयोगको माघ २५ गते बसेको १६ औं बैठकले निजी मेडिकल कलेजले सरकारी सरह पिजीका आवासीय चिकित्सकलाई मासिक ४८ हजार ७३७ निर्वाह भत्ता दिनुपर्ने बाँकी ४ पेजमा ▸▸

# सम्पादकीय

## कृषि अनुदानको प्रभावकारिता र परिणाम

चौतर्फी आलोचना र विवादका बीच गतवर्षको असारमा प्रदेश सरकारले नगद अनुदानलाई रुपान्तरण गरी विभिन्न शिर्षकमा ब्याज अनुदानका रुपमा ७० करोड छुट्याएको रातो किताबै उल्लेख छ। कृषि कर्जा मात्रै ४० करोड विनियोजन भएको थियो । कृषि कर्जामा ब्याज अनुदानका लागि १० करोड, बैंक मार्फत कर्जा प्रवाह भएको ब्याज अनुदानका लागि २५ करोड, वित्तीय संस्थामार्फत प्रवाह भएको कृषि कर्जामा ब्याज अनुदानका लागि १ करोड, प्रदेशमा उत्पादित धूलो दूध तथा घिउ निर्यातमा प्रोत्साहनका लागि १ करोड, स्टार्ट अपलाई प्रविधि अवलम्बन सहयोग (ब्याज अनुदान) ४२ लाख २ हजार, संकटग्रस्त सहकारी कार्यालय ब्यवस्थापन खर्च १ करोड ५० लाख र अन्तर्राष्ट्रिय चिया सम्मेलन १ करोड ५० लाख बजेट विनियोजन गरेको छ । जुन प्रदेश सरकारले गर्न खोजेको सकारात्मक काम हुन् ।

यसरी ल्याइएका अनुदानको दुरुपयोग बढेको भन्दै यो वर्ष ब्याजमा अनुदान दिने कार्यविधि कार्यान्वयनमा ल्याउने भएको छ । कार्यविधिमा कृषि उद्यमीले मन्त्रालय मातहतको निकायमा निवेदन पेश गरेपछि जाँचबुझ गरी १० दिनभित्र प्राविधिक उपयुक्तताको सिफारिस बैंकलाई दिनुपर्ने र बैंकले सम्बन्धित कार्यालयको प्राविधिक उपयुक्तताको सिफारिस प्राप्त भएपश्चात बढीमा एक महिनाभित्र कृषि कर्जा स्वीकृत गर्नुपर्ने ब्यवस्था छ । बैंकमार्फत लगानी हुने कृषि कर्जामा मन्त्रालयले ६ प्रतिशत ब्याज अनुदान उपलब्ध गराउनेछ । तर, कुनै बैंकको कृषि कर्जामा लाग्ने ब्याज दर ६ प्रतिशतभन्दा कम भएमा कायम ब्याजदर अनुसार नै ब्याज अनुदान उपलब्ध गराउनेछ । प्रदेशमा कार्यरत बिकास बैंक, सहकारी बैंक, वित्त कम्पनी तथा लघुवित्त संस्थाबाट पनि कर्जा प्रस्ताव हुनेछ ।

अधिकांश जनताहरु कृषिमा आश्रित भएको तथ्य र तथ्यांकलाई नियाल्दा यहाँको उत्पादन अध्याधिक भइ विदेशमा समेत नेपाली कृषि उपज बेस्सरी निर्यात हुनुपर्ने हो । तर त्यस्तो हुन सकेको छैन । यो दुःखको कुरा हो । अहिले कृषि उपजहरु पनि स्वदेशकोले नपुगेर विदेशबाट अर्बौको रकममा आयात भइरहेको छ । खासगरी दक्षिणको छिमेकी मुलुक भारत र उत्तरी छिमेकी चीनबाट अन्न, फलफूल, तरकारी जस्ता अति आवश्यक र भान्सामा नभई नहुने बस्तुहरु समेत दिनानुदिन आयात भइरहेको छ । हुन त अलैंची, अम्लिसो, अदुवा, चिया जस्ता कृषि उपजहरु विदेशमा पनि निर्यात हुन्छ । तर समग्र अध्ययन र तुलनाबाट के देखिन्छ भने चामल, गहुँ, बेसारदेखि लिएर आलु, टमाटर, तरकारीको अन्य आइटमहरु छिमेकी मुलुकबाटै बढीजसो आयात भइरहेका छन् ।

प्याज र आलु भारतबाट नेपाल भित्रिन्छ, लसुन र स्याउ चीनबाट अत्याधिक मात्रामा नेपाल आउँछ । नेपाली बजारमा चीनको फुजी स्याउ र लसुन नपुगेको ठाउँ शायदै होला । त्यस्तै भारतमा उत्पादन भएको प्याजले यहाँको बजार भरिएको छ । यस्तो अवस्थामा सरकारले नेपालका कृषकहरु र कृषि क्षेत्रलाई प्रवर्द्धन गर्न वर्षेनी आर्थिक र भौतिक अनुदान दिने कार्यक्रम ल्याइरहेको छ । पशुपालनमा पनि करोडौं रुपैयाँ अनुदान दिइँदै आएको छ । तर त्यो अनुदानबाट भरपर्दो र दिर्घकालिन फाइदा भने पुग्न सकेको देखिँदैन । अनुदान दिइन्छ, केही समयका लागि किसानहरु रमाउँछन्, तर त्यसको उपयोगिता र लामो समयका लागि प्रभावकारिता देखिएको पाइँदैन ।

केवल छोटो समयका लागि हुने अनुदानको फाइदाले कृषि क्षेत्रको दिगो विकासमा मद्दत पुग्दैन । दिगो विकास नभई राज्यले काँचुली फेर्दैन । त्यो खहरे खोला जस्तै मात्र हुन्छ । एकपटक भेलबाढी आउँछ, उर्लिन्छ, झारपात बढारेर बगेर जान्छ । तर नदीको जस्तो निरन्तरको प्रवाह हुँदैन । कृषि क्षेत्रमा अहिले अनुदानको हकमा यस्तै भइरहेको छ । केन्द्र, प्रदेश र स्थानीय तीनै तहका सरकारहरुले किसानहरुलाई अनुदान दिने कुरालाई प्रोत्साहन दिइरहेका छन् । ब्यवहारमै पनि अनुदान दिइरहेको पाइन्छ । तर त्यो कति परिणाममुखी र प्रभावकारी भइरहेको छ भन्ने विषयमा अहिले समीक्षा गर्ने बेला भएको छ । अनुदान बालुवामा पानी खन्याएजस्तो मात्र नहोस् । यसका लागि सरकार र सम्बन्धित सरोकारवालाहरु सबै गम्भीर हुन जरुरी छ ।

# बुद्धिजम अर्थतन्त्र र आजको आवश्यकता



✍ सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

**बुद्धका आठ विचारहरुलाई मध्ये एउटा प्रमुख विचार सही तरिका बत जीवन बाँच्ने कला पनि हो । राइट लाइभलिहुड भएन भने मानिस पशु समान हुन्छ। पश्चिमेली संसार अहिले सुख, र भोग विकासको पछाडि भाग्दै छ । तर उनीहरुको मन भित्र शान्ति छैन । उनीहरु विश्वका लागि समस्या बन्दै छन् । एउटा असल बुद्धिस्ट झैं मानिसहरु संयमित र सन्तोषी तरिका ले जीवन यापन गर्न सिके भने संसारबाट गरिबी र भोकमरीको समस्या हराउन सक्छ ।**

आधुनिक अर्थराजनीतिक वैश्विक प्रवाहमा हलचल हुनासाथ उत्पादनका साधनहरूको मूल्य निर्धारण गर्दा उत्पन्न हुने अनेकौं किसिमका समस्यहरूसंग जुद्नुपर्दा मानिसका उपभोग गर्ने स्वन्त्रताहरू मूल्यवृद्धी सँगै घट्दै जानु आधुनिक बजार प्रणालीको सामान्य विशेषता हो ।आवश्यकता पूर्तिका साधनहरूको उत्पादनमा वृद्धि हुँदा आवश्यकता पूर्तिका उद्येश्य हरूलाई छनौट गर्न अनुकूल वातावरण निर्माण गर्दछ ।वर्तमान समयमा यातायात र सञ्चारका साधनहरूको विकास अत्यधिक मात्रामा तिब्र गतिमा हुँदै गई रहेको छ ।धरती लोक देखि अंतरिक्ष सम्म पुग्ने ज्ञान विज्ञान र अन्तर्दृष्टी निरन्तर रूपमा अगाडि बढ्दै गइ रहेको छ तथा पुँजी प्रधान अर्थव्यवस्थालाई त्यसबाट पनि अकुत सम्पत्ति कमाउन प्रेरणा दी रहेको छ ।पुँजी निवेश गर्ने नयाँ नयाँ क्षेत्र खुल्दै गै रहेको छ । विश्वव्यापी अनुसन्धान र नयाँ नयाँ प्रविधिहरूको खोजी निरन्तररूपमा भई रहेको छ ।तर यस्ता कार्यहरु धर्तीका प्राणीहरूको आवश्यकता र समस्यालाई न बुझी र दूरदृष्टि न राखी गरिने कार्य होइन। प्रविधिले सेवा दिन्छ भन्ने कुरा सत्य हो । तर प्रविधि नै सबै थोक हो भन्ने छैन सत्य होइन। प्रविधिको लागि आवश्यक हुने काँच पदार्थ पनि उपलब्धि हुनु पर्दछ।गरीब देशको लागि र र धनी देशहरूको लागि छुट छुट्टै आर्थिक सिद्धान्त हरूको प्रतिपादन गरिएको छ ।

अर्थशास्त्री यी मान्यताहरु निरन्तर परिवर्तनशील छ । गरीब देशहरूमा गरिबीका रेखामुनि धेरै मानिसहरूको बसोबास रहेकोले अर्थशास्त्रका नियमहरु लागू हुँदैन । पश्चिमेली अर्थशास्त्रले पूर्वेली दर्शन र हिन्दू तथा बौद्ध परम्परा लाई कुनै महत्व न दिई ईसाई, इस्लाम र यहूदी मतका धार्मिक विचार हरूलाई अर्तशस्त्रका विविध क्षेत्रमा प्रयोग गर्दै आइरहेकोले पनि विश्वका धरै देशहरूमा आर्थिक समस्याहरूको चाङ लागेको छ । आवश्यकता भन्दा बढी प्राकृतिक श्रोत र साधनहरूलाई प्रयोग गर्दा प्रकृतिको मूल स्वरूप र सुन्दरता तथा सामर्थ्य गुम्दै गई रहेको छ । भूमण्डलीकरण, उदारीकरण तथा निजीकरण को व्यापार नीतिले नाफालाई अधिकतम बनाउन विश्वबजारमा नै आफ्नो नियन्त्रणमा लिन प्रयास गरी रहेको व । जसको परिणामस्वरूप वातावरणीय असन्तुलन, जलवायु संकट,र हावाहुरी, सुनामी, भूकम्प, बब्बिनश, ग्लोबल वार्मिङ जस्ता प्राकृतिक तथा मानवीय समस्या सृजना हुन लागि रहेको छ।

बुद्धका आठ विचारहरूलाई मध्ये एउटा प्रमुख विचार सही तरिका बत जीवन बाँच्ने कला पनि हो । राइट लाइभलिहुड भएन भने मानिस पशु समान हुन्छ। पश्चिमेली संसार अहिले सुख, र भोग विकासको पछाडि भाग्दै छ । तर उनीहरूको मन भित्र शान्ति छैन । उनीहरु विश्वका लागि समस्या बन्दै छन् । एउटा असल बुद्धिस्ट झैं मानिसहरु संयमित र सन्तोषी तरिका ले जीवन यापन गर्न सिके भने संसारबाट गरिबी र भोकमरीको समस्या हराउन सक्छ । साइबर अपराध, आतंकवाद, महामारी, र विश्वयुद्ध हुन सक्ने बत संसारलाई जोगाउन सकिन्छ ।संसारबाट भोकमरी, बेरोजगारी र असमानतालाई हटाउन सकिन्छ । लैङ्गिक र क्षेत्रीय विभेद काम गर्न सकिन्छ । संसारका बुद्धिस्ट राष्ट्रहरूले बुद्धका असल मार्गहरूमा देश र जनतालाई हिंडाउन सक्नु पर्दछ ।अहिले भुटान र म्यानमारमा बौद्ध दर्शनमा आधारित अर्थतन्त्रको राम्रो अभ्यास भइरहेको छ । मानिसहरूको आध्यात्मिक स्वास्थ्य र मानिसका भौतिक कल्याण सम्बन्धित विविध पक्षहरु एक अर्को प्रतिस्पर्धी न भएर एक अर्काका पूरक बनाउनु पर्दछ । अत्यधिक नाफा कमाउने विचारलाई धर्म र नैतिकताको आधारमा नियन्त्रण गर्नु पर्दछ । उपभोक्ताको घाँटी काटेर धनी बन्ने विचारलाई दमन गर्नु पर्दछ ।

म्यानमार का जनता हरूले बुद्धका असल विचारहरूलाई आफ्नो जीवन शैली तथा र संस्कृति सँगै जोडेर अर्थतन्त्रको विकाशलाई सघाई रहेका छन्। त्यहांका मानिसहरूले आफ्नो आवश्यकता, विचार र दर्शनलाई पश्चिमेली संसारको गुलाम बनाएको छैन् । बुद्धिस्ट अर्थसंस्त्री अनन्य कुमार स्वामीका विचारमा मानिसहरूलाई योग्यता र क्षमता अनुसार काम दिनु पर्दछ । एउटा कलिगढले हातबाट कपडा बनाउनु सांस्कृतिक र धार्मिक कार्य हो । तर पाबारलुम बत कपडा बनाउने कार्य एउटा यांत्रिक कार्य हो र यसको महत्व रैथाने संस्कृतिलाई समाप्त पार्नु पनि हो ।जुन कार्य अहिले संसार भरी भइरहेको छ । आधुनिक अर्थशस्त्रीहरूले बुद्धका विचारहरूलाई लागू गर्नु कठिन छ भनेका छन् र उनीहरूले मानव विकासको आधार जीवनस्तरको विकास भनेका छन् । तर बुद्ध दर्शनमा त्यस्तो कार्यलाई अविबेकपूर्ण कार्य मानिएको छ।आधुनिक अर्थशास्त्रीहरूले अधिकतम सन्तुष्टिको पाउनका लागि अधिकतम मात्रामा वस्तु र सेवाहरूको उपभोग गर्नु पर्दछ भनेका छन् ।तर बुद्धिस्ट विचारकहरूको बिचारमा अधिकतम मात्रामा सन्तुष्टि पाउन लागि आवश्यक र ठीक ठीक मात्रामा वस्तु र सेवाको प्रयोग गर्नुपर्दछ । लोभ, लालच नराखी आवश्यकता पूर्ति गर्दा थोरै साधनबाट पनि सन्तुष्टि पाउन सकिने छ ।धनी र विकसित देशहरूले प्रयोग गर्ने गरेको प्रविधि बुद्धिस्ट देशहरूको लागि अनुपयुक्त छ । साधनहरूलाई लामो समय सम्मको लागि उपयोग गर्नु पर्दछ । स्थानीय श्रोत र साधनहरूको दिगो विकासको लागि प्रयोग गर्नुपर्दछ ।

बोट बिरूवाहरूको संरक्षण गर्नु पर्दछ । वातावरणीय सन्तुलन जोगाउनका लागि बै बन जंगल जोगाउन जरूरी छ। पुँजी प्रधान न भई श्रमप्रधान अर्थतन्त्रलाई विकास गर्नु जरूरी छ । अहिले धनी देशहरूमा उच्च आर्थिक विकास छ ।तर उन्मुक्त र चरम आनन्दको अनुभव गर्ने स्वन्त्रताले गर्दा धेरै किसिमका विकृतीहरू फस्टाउँदो छ ।हतियारको राजनीतिले युद्ध उन्माद बढेको छ । तसर्थ सन्तोषले नै परम सुख हो भन्ने किसिमको अर्थतन्त्रको विकास गर्नु जरूरी छ । बुधिस्म अर्थतन्त्रमा विश्वास गरेको कारणले होला आज भुटान संसारकै पहिलो उत्कृष्ट खुशी हुने देश बनेको छ । सँधै हाँसी रहने देशलाई नै मानव विकासको उच्च अवस्थामा पुगेको देश मान्न सकिन्छ ।

# शैक्षिक आन्दोलन : समाधानको घातक अभ्यास



✍ विष्णु खनाल
bkhanal907@gmail.com

**तपाई पहिलो पल्ट २०४८ सालमा प्रतिनिधि सभा (झापा क्षेत्र नं. ५) को निर्वाचित सदस्य भएर रतुवा तथा चोजु खोलामा बाढी आउँदा तपाईको पहिरन रु १८ पर्ने भुक्के (हवाइ चप्पल) र रु १५० मा रेडिमेड पाइने सेतो खराने रंगका कुर्ता शुरुवाल मात्र थिए । आज तपाई देशको चौथो पटक प्रधानमन्त्री भइरहँदा प्रत्येक दिन तपाईले लगाउने लुगालाई पनि सूक्ष्य ढंगले अवलोकन गरिरहेका छन् । सम्माननीय प्रधानमन्त्री तपाई २०४४ सालमा जेलबाट छुटेपछि हाम्रा घरमा ढिँढोरोटो, साग, सिस्नो जे खाने मान्छे, आज तपाईलाई आतिथ्यता गर्नका लागि बनाइएको चौरासी ब्यञ्जन (परिकार) पनि ग्रहण गर्न मान्नुहुन्न । सम्माननीय प्रधानामन्त्री ज्यू तपाई त पहिलो पटक वि.सं. २०५१ सालमा गृहमन्त्री हँदा त ठिकठिकै हुनुहुन्थ्यो । तर आज आएर त पार्टीको सर्वस्वै मै हुँ भनेर नेपाली जनता, आफ्ना पार्टीका नेता, कार्यकर्ता कसैलाई भुसुनो सरह पनि गन्नुहुन्न त ?**

अघिल्लो वर्ष शिक्षक महासंघले शिक्षक, बालकक्षा शिक्षक, विद्यालय कर्मचारीहरूका जायज मागलाई सम्वोधन हुने गरी ६६ वटा बुँदामा सम्झौता गरिएको थियो । सरकार र शिक्षक महासंघवीच सम्झौता गरेको वर्षदिन भन्दा बढी भएको छ । कुनै पनि अत्यावश्यक समस्या समाधान गर्नका लागि यदि नेपाल सरकार इमान्दार, जिम्मेवार र प्रतिबद्ध भयो भने मन्त्रीपरिषदबाट चुड्कीको घरमा मन्त्रीपरिषद्को बैठक मार्फत समाधान गर्न सक्ने ल्याकत सरकार निहित छ । समस्या समाधानका लागि दत्तचित्त भएर दीर्घकालिन समाधानको बाटो खैज्ने माध्यम संसदको विशेष अधिवेशन बोलाई एक थान विद्यालय शिक्षा ऐन पास गरी लालमोहर लगाएर काम कार्यान्वयन गर्न शुरूवात गर्न सक्नुपर्दछ । प्रधानमन्त्री, उपप्रधानमन्त्री, विभागीय मन्त्री, राज्यमंत्रीहरूले यस्तो गम्भीर अवस्थामा मन्त्रीपरिषद्को बैठक बस्नु पर्दैन ? हाम्रा सम्माननीय प्रधानमन्त्री खड्गप्रसाद ओलीज्यू त आ॑ना गुरुहरूलाई ऋषिमुनीका अर्का अवतार भन्नुहुन्छ । वहाँहरूलाई हामीले सदा सर्वदा आदर सम्मान गर्नुपर्दछ । वहाँहरूबारे हामीले धेरै ज्ञानगुणका कुरा सिक्नुपर्छ भन्ने कुरा गर्नुहुने बरिष्ठ व्यक्ति हुनुहुन्छ ।

तपाई राधाकृष्ण मैनाली, नरेश खरेल, श्री मोदनाथ प्रश्रित (पौडेल)बाट आफूलाई राजनीति गर्न आवश्यक पर्ने ज्ञान दिनुभयो । आज मोदनाथ गुरू के गर्दै हुनुहुन्छ ? तपाईभन्दा भन्दा करीब ३ वर्ष बढी जेलजीवन व्यतित गर्नुभएका नेपालका नेल्शन मण्डेला किन गुमनाम पारिनुभयो ? २०२८ सालको वर्णशत्रु खतम बनाउने आन्दोलनका सहयात्रीहरू नरेश खरेल, सिपी मैनाली, राधाकृष्ण मैनाली, गोपाल शाक्य, प्रदिप नेपाल जस्ता पार्टीका होनहार कमरेडहरु अहिले कहाँ के गर्दै हुनुहुन्छ ? सम्माननीय प्रधानमंत्रीज्यु हामी भूमिगत रहंदा तपाईलाई हाम्रो पार्टीभित्र दार्शनिक नेता भनेर तपाई लगायत कमरेड आर. के. मैनाली, कमरेडे गुरू मोदनाथ पश्रितको रंगिन फोटो पनि हाम्रा घरमा देउता सम्झेर राखिरहेका छौ ।

तपाई पहिलो पल्ट २०४८ सालमा प्रतिनिधि सभा (झापा क्षेत्र नं. ५) को निर्वाचित सदस्य भएर रतुवा तथा चोजु खोलामा बाढी आउँदा तपाईको पहिरन रू १८ पर्ने भुक्के (हवाइ चप्पल) र रू १५० मा रेडिमेड पाइने सेतो खराने रंगका कुर्ता शुरूवाल मात्र थिए । आज तपाई देशको चौथो पटक प्रधानमन्त्री भइरहँदा प्रत्येक दिन तपाईले लगाउने लुगालाई पनि सूक्ष्य ढंगले अवलोकन गरिरहेका छन् । सम्माननीय प्रधानमंत्री तपाई २०४४ सालमा जेलबाट छुटेपछि हाम्रा घरमा ढिढोरोटो, साग, सिस्नो जे खाने मान्छे, आज तपाईलाई आतिथ्यता गर्नका लागि बनाइएको चौरासी व्यञ्जन (परिकार) पनि ग्रहण गर्न मान्नुहुन्न । तपाईले आफ्नो उपचारको लागि राज्यकोषबाट लिएको रकम अर्थमन्त्रालय गृह मन्त्रालय दुवैमा होला नै ।

सम्माननीय प्रधानामन्त्री ज्यू तपाई त पहिलो पटक वि.सं. २०५१ सालमा गृहमन्त्री हँदा त ठिकठिकै हुनुहुन्थ्यो । तर आज आएर त पाटीको सर्वस्वै मै हुँ भनेर नेपाली जनता, आफ्ना पार्टीका नेता, कार्यकर्ता कसैलाई भुसुनो सरह पनि गन्नुहुन्न त? तपाईलाई जनता भनेको न्यायधिश हुने कुरा बोध छैन ? अहिले तपाईलाई सम्पूर्ण नेपाली जनताले हेर्ने दृष्टिकोणमा आकाश पातालको फरक छ । सम्माननीय प्रधानमन्त्रीज्यू तपाई आफ्ना आसेपासे हुक्के, चिलिमे, सुण्डमुण्ड र हनुमानहरूको कुरा सुनेर यति धेरै फस्नुभएको छ कि त्यो तपाईको पालामा भएका प्रत्येक परियोजना र विकास निर्माणका कार्य सम्पन्न भएका अन्तिम प्रतिवेदनहरूको सुक्ष्म र वैज्ञानिक अनुसन्धान हेर्दा पत्ता लाग्नेछ । अब जनताको आन्दोलन रोकिनेवाला छैन किनभने जनताको धैर्यताको बाँध फुटिसक्यो । बाँध फुटेको भेलले निश्चित रूपमा ने.क.पा. (एमाले) र नेपाली काँग्रेसका ठूला भनाउँदा धेरै नेताहरूलाई रसातलमा पुग्ने गरी डुबाईदिनेछ ।

जुन नेताहरूले २०३६/२०३७ सालको शिक्षक आन्दोलनलाई झल्झली सम्झिरहनु भएको छ, वहाँहरू शिक्षकका जायज मागहरू पुरा गर्नुपर्छ र सम्पूर्ण विद्यार्थीहरूको पढाइप्रति राज्यले खेलवाड गर्नुहुँदैन । राज्य निर्दयी बन्नुहुँदैन, जसरी भएपनि १००% मागहरू सम्बोधन गरेर शिक्षक कर्मचारीहरूवाट पनि १००% नै प्रतिफल प्राप्त हुने गरी कार्य सम्पादन गर्न अनुरोध गर्दै सम्पूर्ण आन्दोलनरत शिक्षक र विद्यालय कर्मचारी महोदयको जायज माग पूरा गरियोस् । कथंकदाचित् आफ्ना सल्लाहकारहरूको 'विनाश काले विपरित बुद्धि' भनेकै यिनीहरूलाई झारा टार्ने, त्यसै गलाउने, खिसटेउरी गर्ने उपहास गर्ने जिस्क्याउने, प्रहरी दमन गर्ने र रित्तो हात फर्काउने दु:साहस गर्ने प्रयत्न गरियो भने प्रधानमन्त्रीज्यू गुरूज्यूहरु भनेका ऋषिमुनी, साधु, सन्तका वर्तमान स्वरूप हुन, वहाँहरूमा अनेक प्रकारको शक्ति संचय भएको हुन्छ । गुरूज्यूहरूको आव्हानमा ठूलो क्रान्ति हुन्छ ।

क्रान्तिले भोलि श्रीलंका, बंगलादेशको भन्दा खतरनाक र अमानक परिणाम ल्याउन सक्छ । हुन सक्छ शिक्षकहरूको ६६ बुँदे माग सम्बोधन गर्न बढीमा १ खरब नेपाली रूपैयाँ अतिरिक खर्च बढ्न सक्ला तर त्यो खर्चलाई धान्नको लागि जमिनमा प्रगतिशिल कर लगाई जग्गा बाँझो राख्ने जग्गाधनीबाई आफ्नो जमिनमा प्रत्पादकत्व वृद्धि गराई वर्तमान समयमा आयात गरिरहनु परेको धान, चामल, गहुँ, मकै, पिठो, आटा, मैदा, कोदो लगयात पूर्ण रूपमा रोक्ने नीति अवलम्बन गर्नुपर्छ । दलहन, तेलहन, फलफुल र औषधीको आयतलाई क्रमशः रोकर निर्यात प्रवर्धन गर्नुपर्छ । रेमिट्यान्सको कम्तीमा १०% रकमलाई स्वदेशी उद्योगमा चाहिने पुर्जीको रूपमा लगानी गर्ने वातावरण बनाउनुपर्दछ । अति विलासी सामानहरूको आयातमा पूर्ण रूपमा प्रतिवन्ध लगाउनुपर्दछ । कृषिमा आधुनिकिरण यान्त्रिकीकरण वैज्ञानिकीकरण र व्यवसायिकीकरण गरी विकसित मुलुकले अवलम्बन गरेका खेती प्रणालीका कृषि प्रणालीलाई कृषिविज्ञ तथा कृषि प्राविधिकहरूलाई प्रोत्साहन गरी सतप्रतिशत उत्पादकत्व गर्न सबै नेपाली आमाबुबा, दाजुभाई तथा दिदीवहिनीलाई काम गरेर खाने उत्प्रेरणा जागृत गराउनुपर्दछ ।

राष्ट्रिय योजना आयोगले दोहोरो अंकमा आर्थिक वृद्धिदर हासिल हुने गरी नेपाल सरकारलाई बजेट बढाउन अनुरोध गर्नुपर्दछ । नेपाल राष्टू बैंकले कुल गार्हस्थ उत्पादन विदेशी मुद्राको संचित र आफ्नो ढुकुटीमा आएको सुन, चाँदी, हिरा र मोती आदि वहुमुल्य धातुहरूको यथार्थ विवरण अर्थमंत्रालय मार्फत् संसद र न्यायप्रेमी जनताहरूसामु प्रस्तुत गर्नुपर्दछ । देशको वार्षिक बजेट कुन शिर्षकमा भएको त्यो पनि पारदशी रूपमा अगाडि राख्नुपर्दछ । यो पंक्तिकारले देशको राष्ट्रिय बजेट दुरूपयोग भएको वर्तमान प्रधानमन्त्रीका आसेपासेले भ्रष्टाचार गरेको, घुस खाएको, कमिशन लिएको, कर्मचारीको सरूवा बढुवामा मोटो रकम आर्जन गरी आफ्ना सात पुस्तालाई पुग्ने अकूत सम्पति लुटी सर्वसाधारण जनतालाई राजनीति भनेको आफु माथि पुग्ने, आलिशान महल बनाउने, बुलेट प्रुफ गाडी किन्ने, आफु कतै बाहिर निस्कँदा आफ्ना धुपौरेहरूको, प्रहरीको, सेनाको, सशस्त्र प्रहरीको, उच्चपदस्थ कर्मचारीको गाडीहरूको सयौको संख्यामा लामालास्कर लगाउने र उखान तुक्का तथा चिप्ला भाषण गरी ताली खाने प्रवृत्ति हावी भएको छ ।

सम्माननीय प्रधानमन्त्रीज्यू तपाई स्वयं आफै पूर्वीय दर्शनको ज्ञाता हुनुहुन्छ फेरि सम्माननीय प्रधानमन्त्रीज्यू विश्व कम्युनिष्ट आन्दोलनका शिखर पुरूषहरु काल मार्क्स, फेडरिक रोगेल्स लेनिन स्टालिन, माओ, किम इल सुङ्ग, हो चि मिन्ह (हो काका), पोलपोट मिखाइल, गोर्वाचाभ, क. गुञ्जमा (गोञ्जालो), हयुगो चावेन, च्चे ग्वेभेरा, ज्योती बसु, सिताराम याचुरी, किम जोङ्ग, उल र नेपालका कम्युनिष्ट नेताहरू क.पुष्पलाल, जननेता मदन कुमार भण्डारी, मनमोहन अधिकारी, जीवराज आश्रितको समाजवादी क्रान्तिमा योगदान तथा नेपाली कांग्रेसका नेता जननायक वी.पी कोइराला, किशुन जी, गणेशमान सिं, सुवर्ण समशेर, गिरिजाबाबु, सुशिलदादाको नेपालको राजनैतिक, सामाजिक र आर्थिक क्रान्तिका योगदानहरू राम्ररी अध्ययन गर्नुभएकोछ । वहाँहरूलगायत हजारौ नेतागणहरूले प्रजातान्त्रिक समाजवाद जनताको बहुदलिय जनवाद हुँदै आधुनिक नेपालको निर्माण गर्ने हजारौ वीर सहिदहरूले आफ्नो जीवन अर्पण गर्नुभएको छ ।

वास्तवमा अहिलेको उपलब्धी भनेको सम्पूर्ण न्यायप्रेमी जनताहरूको बलिदानी त्याग र समर्पणबाट प्राप्त भएको कुरा कसैले पनि नकार्न सकिँदैन । त्यसर्थ देशमा विद्यमान रूपमा सृजित समस्याहारू प्राथमिकताका आधारमा पूरा गर्दै जानुपर्छ । कुनै पनि कुरा विजुलीको स्वीच थिच्दा बत्ती बले झैं पूरा भइहाल्ने त होइन तर शिक्षकहरूको मागहरू सरकार र शिक्षक महासंघबीच भएको सम्झौता ३० वर्ष भन्दा अगाडिदेखि नै हुँदै आएको हो । तर्सर्थ सम्माननीय प्रधानमन्त्रीज्यू हाल चलिरहेको अनिश्चितकालिन शैक्षिक आन्दोलनलाई अन्त्य गर्न संसदको विशेष अधिवेशन वा बजेट अधिवेशन बोलाई शिक्षक, बालकक्षा शिक्षक र विद्यालय कर्मचारीलाई घर फर्काई लाखौ विद्यार्थीको भविष्य उज्जवल पार्ने काम गरियोस् भन्ने आग्रह सम्माननीय प्रधानमंत्री समक्ष अनुरोध अनुरोध गर्दछु ।

# सामाजिक सञ्जाल

## जति सोच्यो, त्यति कहाली लाग्छ

❑ नारायण गाउँले



हाम्रा आमाबुबा अब औसत १५-२० वर्ष बाँच्नुहुन्छ । त्यो पनि नियमितजस्तै बनिसकेको कुनै दुर्घटना या असाध्य रोगव्याधि नलागे ।

हामी प्रवासमा छौं, प्रायः दुई वर्षमा एकपल्ट घर जान्छौं । सबै समय घरमैं बित्दैन । साथीभाइ, इष्टमित्र, रामरमाइलो, कार्यक्रम र घुमफिरको लामो लिस्ट हुन्छ घर जाँदा । आमाबुबासँग बिताउने भनेको औसतमा तीन दिन हुँदो रहेछ ।

बीस वर्षमा दशपल्ट घर पुग्यौं र तीन-तीन दिन बितायौं भने पनि जम्मा तीस दिन हुने रहेछ । यो जीवनमा, यो चोलामा, यो पालिमा आ॑ना जन्मदाता आमाबुबासँग बिताउनका लागि जम्मा एक महिना रहेछ हामीसँग ! त्यो पनि हामी सबै रोगव्याध नलागी बाँचिरहे । हरेक वर्ष नेपाल गए पनि दुई महिना न भयो ! यसो सोच्नुस् त, यो जिन्दगीमा आमाबुबासँग बिताउने समय कति थोरै रहेछ ! जसले सिङ्गो जिन्दगी हाम्रो खुशीका निम्ति बितायो, उसलाई दिनका निम्ति हामीसँग यो जुनीमा जम्मा एक महिना बाँकी ? एउटा साथी एक हप्ता भेटिएन भने कस्तो नमज्जा लाग्छ र फोन गरेर भन्छौं, 'कति ठूलो भएको यार ! भेटघाट पनि हुन्न त !' आमाबुबाका आँखा भने कुनै गुनासोबिनै बाटाभरि तेर्सिइरहन्छन् ! बर्सौंसम्म ! हामीलाई लाग्छ, फोन गरेकै छौं, औषधिउपचारका लागि पैसा पठाएकै छौं, सधैंभरि टाँसिएर बस्न त को सक्छ र ? तर आफ्ना सन्तान र साथीभाइसँग हामी आफै भने नटाँसिई बस्न सक्दैनौं ।

बेफुर्सदिलो पनि के भन्नु र ? मोदीदेखि इमरान खानसम्मलाई बधाई दिन भ्याएकै छौं । मन परेको दल या संस्थाको कार्यक्रम विश्वको जुन कुनामा भएपनि टाढा हुँदैन । हरेक दिनजसो जन्मदिनका शुभकामना पनि लेखेकै छौं । नेतादेखि अभिनेतासम्मलाई शीघ्र स्वास्थ्यलाभको कामना गर्न पनि भ्याएकै छौं । तर कहिलेकाहीँ आमाबुबालाई फोन गर्दा एकहप्ता बितिसकेको हुँदो रहेछ र त्यो हप्ता अस्पताल पुगेर पनि घर फर्किसकेको हुनुहुँदो रहेछ ! उमेर ढल्किँदै जाँदा सांसारिक विषय र रमझममा मन लाग्न कम हुँदो रहेछ । तपाई या मैले वर्षको एकपल्ट लगिदिने एकजोर कपडा या जुत्तामा जति खुशी हिजो लुकेको हुन्थ्यो, आज या भोलि त्यो क्रमशः घट्दै जान्छ । घुम्ने रहर पनि मर्दै जाँदो रहेछ । मिठा खानेकुरा र चकलेट त पठाउँला तर उमेर र स्वास्थ्यसँगै त्यसको स्वाद बिलाउने रहेछ । स्मृति पनि कम हुँदै जाँदा उहाँहरूको बोली र व्यवहार पनि हामीलाई अनौठो लाग्न सक्छ !

जति सोच्छु मन एकतमासले गह्रुँगो हुन्छ । हामी उमेरको त्यस्तो चरणमा आइपुगेका छौं, एकाबिहानै या नसोचेको समयमा नेपालबाट फोन आयो भने पनि मन शंकाले जिरिङ्ङ हुन्छ ! कुनै खुशीको खबर होला भनेर सोच्दैनौं । प्रायः हुँदैन पनि । खुशी र सपना जति त सात समुद्रपारि हामीले चोरेर ल्याएका छौं, उताबाट के खबर आओस् र ?

कहिलेकाहीँ लाग्छ, म माफीको लायक पनि छैन !

# "मह जोडी"को ४५ वर्ष



काठमाडौं - 'मह जोडी' अर्थात् मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य । नेपाली रङ्गमञ्चमा मह जोडीका नामले स्थापित उनीहरू 'एकै रथका दुई पाङ्ग्रा' का रूपमा सहकार्य गरिरहेका छन् ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रङ्गमञ्चहरूमा प्रहसन, टिभी शृत्लाको निर्माण गर्दै आमदर्शकको मन जित्न सफल वरिष्ठ कलाकर्मी श्रेष्ठ र आचार्य नेपाली समाजमा उदाहरणीय एवं अनुकरणीय व्यक्तित्वका रूपमा परिचित छन् । मह जोडीका रूपमा उनीहरूको सहकार्यले सोमबार वैशाख १४ गते ४५ वर्ष पूरा भएको छ । करिब आधा दशकसम्म निरन्तर रूपमा जोडी बनेर दर्शकको मन जित्न सकेका र आफ्ना लागि एउटा सम्मानित पहिचान स्थापित गर्नु नै मह जोडीको इमान्दारिताको उदाहरण हो ।

यो ४५ वर्षको सहकार्यमा मह जोडी बनेर काम गर्दा दुवै कलाकारले नामसँगै दाम पनि कमाए । तर, जति लाभ हुन्छ, त्यति नै लोभ बढ्ने सम्भावना पनि हुन्छ । यसको प्रभाव पनि यो जोडीले हावी हुन् दिएनन् । फलतः सहकार्यको झण्डै आधा दशक कलासाधनामा समर्पित भई दर्शकसहित आमनेपालीको मन जित्न मह जोडी सफल भएको देखिन्छ ।

यसै सन्दर्भमा अभिनेता आचार्यले आफूलाई भाग्यमानी पुस्ताका रूपमा बुझेका छन् । किनकी कलाकारिताको दौरानमा उनीहरुले प्रविधिगत र राजनीतिक धेरै परिवर्तनलाई नजिकबाट बुझ्न पाए । 'हामीले रङ्गमञ्चमा प्रहना गर्यौं, क्यासेट बनायौँ, टेलिभिजनका लागि शृंखला बनायौँ, चलचित्रमा पनि काम गरायौँ, त्यसकारण पनि म र मदन दाई भाग्यमानी पुस्ता बन्न पुग्यौँ । हामीले सबै माध्यममार्फत् आ`नो कामलाई देखाउने मौका पायौँ । अहिले पनि हामीले पुराना कामलाई अत्याधुनिक प्रविधिमा रूपान्तरण गरेर "डिजिटल' रूपमा उपलब्ध गराएका छौँ', अभिनेता आचार्यले भने ।

उनले मह जोडीले यो यात्रा पार गर्नुमा आपसी सम्बन्ध, पारिवारिक हार्दिकता र दर्शकको माया रहेको बताए । 'दर्शकले हामीलाई एकसाथ हेर्ने इच्छा नराख्नु भएको भए हामीले यत्रो यात्रा पार गर्न सम्भव थिएन । अनि हामीलाई परिवारले सधैं सहयोग गरेर अगाडि बढ्न मद्दत गर्‍यो । हाम्रो सम्बन्धमा उनीहरु हावी भएनन् । यसका साथै हामीले गरिरहेको कामले दुवै नाम दियो, एउटा स्थान बनायो । एकअर्कासँग कहले आरिस ( इगो) राखेनौँ, सधैं दर्शकको भावनाअनुरूप प्रस्तुत भइरह्यौँ', अभिनेता आचार्यले भने ।

यसैगरी अभिनेता श्रेष्ठले मिलेर काम गरेमा त्यसले सफलता दिने बताए । उमेरका हिसाबले ७५ वर्ष पुगेका अभिनेता श्रेष्ठले चलचित्रसहित विज्ञापनमा अझै सक्रिय भई काम गरिरहेका छन् । उनले कामका सिलसिलामा कहिले त्यसको लाभ-हानि हाबी हुन नदिएको बताए ।

उनले भने, 'हामी कहिले पैसाको पछाडि लागेनौँ, काममै केन्द्रित भयौँ । त्यसले हामीलाई नाम र दाम दुवै दियो । फेरि दुवैको नाम र काम एउटै छ, त्यसकारण पनि हामीले सोच्नुपर्ने केही थिएन । हामीमा इमान्दारिता छ, सद्भाव छ, सदैव एकअर्काको राम्रो भएको हेर्न र सुन्न चाहन्छौँ, त्यसैले यति लामो समयसम्म मह जोडीका रूपमा यात्रा तय गर्न सकेका हौँ ।'

उनले स्वास्थ्यले साथ दिएसम्म आफूहरु एकसाथ काम गरिरहने बताए । पछिल्लो समय दुवै जनाले एकसाथ चलचित्र "महापुरूष' मा काम गरेका थिए । त्यसपछि अभिनेता आचार्यले 'महाजात्रा', 'भूठान' र 'हरिबहादुरको जुत्ता' मा अभिनय गरिसकेका छन् । यस्तै अभिनेता श्रेष्ठले पनि 'पहाड' र 'परान' नामक चलचित्रमा काम गरेका छन् । छुट्टिएर चलचित्रको छायांकन गर्दा होस् वा भोजमा, जहाँ जाँदा पनि एकलाई देखेपछि अर्कालाई खोज्नु स्वाभाविक छ । 'मलाई हरिजी खोइ भनेर सोध्नु भयो भने यही त छन् नि, मभित्रै छन् भनेर भन्ने गरेको छु । कार्यक्रममा मात्र होइन चलचित्रको छायांकनमा पनि सोधिरहनु हुन्छ', अभिनेता श्रेष्ठले भने ।

मह जोडीको कम्पनी 'मह सञ्चार' मा २०६० सालदेखि जोडिएका निर्देशक प्रदीप भट्टराई पारिवारिक सदस्य झैँ देखिन्छन् । सामान्य सहयोगीका रूपमा शृंखलामा काम गर्न जोडिएका निर्देशक भट्टराईले धेरै शृत्लामा मुख्यसहायक निर्देशक र केही शृंखलामा निर्देशक नै भएर काम गरे । चलचित्रकै सन्दर्भमा 'शत्रु गते' र 'महापुरुष' मा मह जोडीलाई निर्देशक भट्टराईले निर्देशन गरेका छन् ।

'उहाँ दुई मेरा लागि जीवित भगवान् झैँ हुनहुन्छ । उहाँहरूको कर्म जस्तो छ, व्यवहार पनि त्यस्तै छ । मलाई त कर्म सिकाउने गुरु नै उहाँहरु हुनहुन्छ, मैले जे भने पनि उहाँहरूका लागि शब्द कम नै हुन्छ, मलाई एउटा छोराकै रूपमा माया गर्नुहुन्छ', निर्देशक भट्टराईले भने ।

मह जोडी एकसाथ नदेखिँदा सधैँ प्रश्न गर्ने गरिएको निर्देशक भट्टराई बताउँछन् । टेलीशृंखलामा काम गर्दा होस् वा चलचित्रमा दुई एकसाथ नदेखिँदा प्रश्न तेर्सिनु स्वाभाविक हो । मह जोडीलाई 'दुईमै एक र एकमै दुई' देखेको भट्टराईले बताए । जहाँ 'म' त्यहाँ 'ह' पनि हुने बुझाइ निर्देशक भट्टराईको छ । त्यसकारण मह जोडीलाई शीर्ष भूमिकामा लिएर गज्जबको चलचित्र बनाउने रहर उनको छ ।

'उहाँहरूको क्षमतासँग म नजिकदेखि परिचित छु, त्यसैले एउटा गज्जबको चलचित्र बनाउने रहर छ । कथा पनि सोचिरहेको छु, किनकी उहाँहरुप्रति दर्शकको अपेक्षा बढेको छ, म आफैँ पनि अभिनय गराउनकै लागि गराउने पक्षमा छैन । त्यसकारण उहाँहरूलाई पर्दामा देखाउन पाउँदा म पनि दर्शक झैँ खुसी हुन्छु', निर्देशक भट्टराईले भने ।

हास्य कलाकारका रूपमा चिनिएका मह जोडी अहिले आफूलाई फरक भूमिकामा प्रस्तुत गरिरहेका छन् । अभिनेता आचार्यले अभिनय गरेको 'भूठान' मा एक दृश्यमा मात्र हाँसेको देख्न पाइन्छ । 'बलिदान' पछि पूर्णतया गम्भीर भूमिकामा अभिनेता आचार्य प्रस्तुत भएका छन् । यसअगाडि अभिनेतामा हुने नवरसमध्ये हास्यरस हावी हुँदा उनीहरु हास्य कलाकारका रूपमा बढी प्रस्तुत भएको निर्देशक भट्टराईले बताउँछन् ।

'उहाँ दुई नै पूर्ण कलाकार हुनुहुन्छ । हामीले शृत्लामै केही फरक र भिन्न काम गरेका छौँ । मैले उहाँहरूमा अभिनेतामा हुने सबै गुणलाई देखेको थिएँ, त्यही भएर नै 'महापुरुष' चलचित्रमा केही भिन्न रूपमा प्रस्तुत गरैँ । अहिले दर्शकले पनि विस्तारै बुझ्दै हुनहुन्छ, उहाँहरु सबै किसिमका भूमिका गर्नसक्ने लोकप्रिय एवं सर्वस्वीकार्य कलाकार हुनहुन्छ', निर्देशक भट्टराईले भने ।

गत वर्षमात्र मह जोडीले विदेश र नेपालमा 'मह जात्रा' गरेका थिए । आउँदो समयमा पनि सँगै काम गरी सहकार्यलाई निरन्तरता दिने पक्षमा छन् । छोटो समयमा नाता-सम्बन्ध टुट्ने अहिलेको जमानामा वरिष्ठ कलाकार श्रेष्ठ र आचार्यको दोस्ती र सहकार्यले ४५ वसन्त पार गर्नु एकअर्काप्रतिको इमान्दारिता र सम्मान नै हो ।- रासस

## प्रेरक प्रसंग

# आमाको मुख हेर्न छिट्टै आइज



"बाबु, तेरो आमा आजकल कमजोर भएकी छिन्। मुख हेर्नेमात्रै भए पनि छिट्टै आइज।" अमृतले आफ्नो जेठो छोरा वरूणलाई अमेरिकामा फोन गरेर भने। "बाबा, म अहिले अमेरिका छु। यसबेला आउन सक्दिनँ। बरू हजुरले रूद्रलाई जापान फोन गर्नुहोस्।" वरूणले असमर्थता जनाउँदै सुझायो। "हस्, छोरा। सुखी रहनु।" अमृतले फोन राखे र जापानमा फोन लगाए।

"हजुर, बाबा, सञ्चै हुनुहुन्छ?" उताबाट रूद्रले बाबाको हालचाल सोध्यो। बुढालाई खुसी लाग्यो। जेठो छोरा आउन नसके पनि कान्छो त अवश्य आउँछ भन्ने लाग्यो।

"छोरा, मलाई त ठीकै छ तर तेरो आमा..." बुढा बोल्दै गर्दा भावुक भए। "के भयो र आमालाई?" रूद्रले चिन्ता व्यक्त गर्‍यो।

"छोरा, तिम्री आमा अस्पतालमा छिन्। दिन गन्दै छिन्। कुन बेला सास रोकिन्छ, थाहा छैन। तिमी छिट्टै आउ छोरा। दिदीबहिनीहरु पनि आउन मानेनन्। तिम्रो दाइले पनि असमर्थता जनायो। जसरी भए पनि घर आउ, अन्तिमपटक आमाको मुख हेर्न।" अमृत फोनमै ग्वाँग्वाँ रून थाले।

"बाबा, भयो। नरूनुहोस्। हजुर रोएर पनि आमा बाँच्नु हुन्न। म आएर पनि आमालाई केही फरक पर्दैन। म टाढा जापानमा छु। छुट्टी मिलाउन पनि समय लाग्छ।" रूद्रले बाबालाई सम्झाउन थाल्यो।

"त्यसो भए, तिमी पनि आउँदैनौ त बाबु?" अमृतले आँसु पुछ्दै भने। "म आमाको अन्तिम संस्कारका लागि केही पैसा पठाइदिन्छु, बाबा। म अहिले आउन सक्दिनँ, तर पछि आउँछु।" रूद्रले भन्यो।

"भयो, छोरा। पैसा पनि चाहिँदैन। तिमीहरु सुखी रहनु, त्यत्ति भए पुग्छ।" अमृतले फोन काटे र थचक्क बस्दै दुबै हातले टाउको छोपेर ग्वाँग्वाँ रून थाले।

## बुबाले दिएको आइफोन

एउटी छोरीलाई उसको बाबाले iPhone गिफ्ट दिनुभयो भोलीपल्ट बाबाले छोरीलाई सोध्नुभयो- प्यारी छोरी! iPhone मिलेपछि तिमीले सबैभन्दा पहिला के गर्यौ?

छोरी- बाबा मैले स्क्रेच गार्ड र कवरको आर्डर दिए...

बाबा- तिमीलाई एस्तो गर्न कसैले बाध्य गर्यो कि?

छोरी- होइन,कसैले पनि गरेन त...

बाबा- iPhone निर्माता कम्पनीको बेईज्जती गरेको जस्तो लाग्दैन तिमीलाई?

छोरी- लाग्दैन,बल्कि निर्माता स्वयंले नै कवर र स्क्रेच गार्ड लगाउने सलाह देकोथ्यो...

बाबा- ए...तेसो भये त iPhone नै देख्नमा खराब देखिन्छ होला,तेसै कारण तिमीले कवर मगाको होला है...

छोरी- होइन,परन्तु ष्एजयलभ खराब न होस भनेर मगाको...

बाबा- तेसो भये कबर लगाउंदा तेसको सुन्दरतामा कमी आयो?

छोरी- आएन हजुर, एसको विपरीत कवर लगाउंदा ष्एजयलभ अझै धेरै सुन्दर देखिन्छ...

अब पिताले छोरीलाई स्नेह (प्रेम)ले हेर्दै भन्नुभयो...

छोरी! iPhone भन्दापनि ज्यादा महंगो र सुन्दर तिम्रो शरीर हो र यो घरको र हाम्रो ईज्जत हो तिमी...


यो शरीरको अंगहरूलाई कपडाले कवर गर्दा शरीरको सुन्दरता अजै धेरै बड्छ.....

छोरीसंग बाबाको यो कुराको कुनै जवाब थिएन, थियो त केवल आंखामा आंसू...

प्रिय दिदी- बहिनीहरूसंग नम्र निवेदन-हाम्रो संस्कृति, संस्कार र अस्मितालाई बनाई राख्नुहोला है ल....

कोई कोई त यो पोस्टलाई गालीदिनेहरू पनि आउनेछन् तर कोई कोई मलाई राम्रो पनि भन्छन ।

## स्वास्थ्य




# थाइराइडबाट जोगिऔं

थाइराइड घाँटीमा हुने ग्रन्थी हो । यो रूद्रघण्टीको ठ्याक्कै तल हुन्छ, जसले थाइराइड हार्मोन उत्पादन गर्छ । थाइराइड ग्रन्थीमा समस्या भयो भने थाइराइडको समस्या भएको मानिन्छ । हार्मोन बढी हुनुलाई हाइपर थाइराइडिज्म र कम हुनुलाई हाइपो थाइराडिज्म भनिन्छ । थाइराइडको लक्षण यसको प्रकारमा निर्भर हुन्छ ।

**थकान**

कारण बिना नै थकान महसुस भयो भनें थाइराइड हुन सक्छ भन्ने बुझ्नु पर्छ । यदि थकित र कमजोर महसुस हुन्छ भने यस्तो अवस्थामा एक पटक रगत परीक्षण गराउनुपर्छ । परीक्षण गर्दा समस्या छ भने समयमा नै उपचार गरियो भने अवस्थामा सुधार हुन्छ ।

**कब्जियत**

थाइराइडको समस्याका कारण कब्जियतको गम्भीर समस्या हुन्छ । यस्तो अवस्थामा पेट राम्रोसँग सफा हुँदैन । यदि बारम्बार कब्जियतको समस्या भएमा कम्तीमा एक पटक डाक्टरको सल्लाह लिनुपर्छ ।

**छाला सुक्खा हुनु**

थाइराइडका बिरामीको छाला निकै सुक्खा हुन्छ । मुख्यतया अनुहारको छाला सुक्खा हुने फुस्रो देखिने हुन्छ । यस्ता लक्षण देखिएमा पनि तुरून्त स्वास्थ्य विशेषज्ञको सहयोग लिनुपर्छ । चिकित्सकको सल्लाहमा थाइराइड जाँच गराउनुपर्छ ।

**तौल बढ्ने र अनुहार सुन्निने**

थाइराइडको समस्याबाट पीडित बिरामीको तौल छिट्टै बढ्छ । हाइपोथाइराइडिज्मका बिरामीमा तौल बढ्नेसँगै अनुहार सुन्निने, फुस्रो हुने समस्या पनि सुरू हुन्छ । यस्ता लक्षण देखिएमा पनि तुरून्तै विशेषज्ञको सहयोग लिनुपर्छ ।

**चिसोप्रति अधिक संवेदनशीलता**

हाइपोथाइराइडिज्मका बिरामीलाई धेरै चिसो महसुस हुन्छ । एकै समयमा कतिपय बिरामीमा आवश्यकता भन्दा बढी गर्मी महसुस हुनसक्छ । कसैलाई असाध्यै जाडो हुने र कसैलाई असाध्यै गर्मी हुने समस्या छ भने थाइराइड जाँच गराउनु राम्रो हुन्छ ।

**मुड परिवर्तन र कमजोर स्मरण क्षमता**

कहिलेकाहीं हाइपोथाइराइडिज्मको लक्षण कमजोर मुड परिवर्तन र स्मरण शक्तिको समस्या पनि हुनसक्छ । थाइराइडबाट पीडित व्यक्तिमा चिन्ता, डिप्रेसन, कुनै काममा रूचि नहुनु, स्मरण शक्ति कमजोर हुनु र एकाग्रता नहुनु जस्ता लक्षण देखिन्छन् ।

नेसनल लाइब्रेरी अफ मेडिसिनका अनुसार हाम्रो मस्तिष्कलाई राम्ररी काम गर्न पर्याप्त मात्रामा थाइराइड हार्मोन चाहिने भएकाले यस्तो हुन्छ । धेरै अनुसन्धानले थाइराइड हार्मोनको कम उत्पादनले मस्तिष्कको कार्यलाई असर पार्न सक्छ भन्ने कुरा पत्ता लगाएको छ ।

**कपाल झर्ने**

कपाल झर्नु थाइराइडसम्बन्धी समस्यामा देखिने पहिलो लक्षणमध्ये एक हो । हाइपो र हाइपर थाइराइडिज्म दुवै छ भने कपाल झर्न थाल्छ । धेरैजसो अवस्थामा जब थाइराइड निको भएपछि कपाल फेरि बढ्न थाल्छ । यदि कपाल बिना कारण झर्दैछ भने थाइराइड जाँच गराउनुपर्छ ।

**अनियमित महिनावारी**

थाइराइडको समस्यामा महिनावारी अनियमितता, नियमित रूपमा महिनावारी नहुने, महिनावारी हुँदा अत्यधिक वा थोरै रक्तस्राव हुने जस्ता समस्या पनि देखा पर्छन् ।

# दुम्सी किन मारियो



दमक । दुम्सीले गाउँघरतिर बालीमा दू:ख दिएपछि मार्ने गरिन्छ । तर दुम्सी हाम्रो पुरातन संस्कृतिमा महत्वपूर्ण जनावरको रूपमा पनि लिने गरिन्छ । उद्देश्य दुम्सी मार्ने होईन तर दुम्सीले हामीले लगाएको बाली खानु भएन । पीडितहरू यसरी बताउँछन् ।

१/२ ओटा दुम्सी मारेर समस्याको समाधान हुदैन र हाम्रो हिन्दू धर्म अनुसार बर्तबन्ध गर्दा दुम्सीको काँढा चाहिन्छ । नेपालको पञ्चीम तिर दूम्सीको समस्याले गर्दा गाँउ नै खाली हुन थालेको र तिहाँका किसान गाँउ छोडदै अन्त गएको अघिल्लो पोष्ट बाट किसान को समस्या फोन वाटसप मेसेन्जर बाट थाहा भयो । सालौ साल देखी दुम्सीको समस्या बाट पिडीत किसान हरूलाई पून गाउँ फर्काउँने अभियान हामी गराउँदैछौ ।

हामीले १० सौ बर्ष लगाएर खोज गरेको कुरा सामाजिक संञ्जालमा लेख्दा भाले पल्टीने अरूनै हुन्छन । हामीले जानेको ज्ञान बाढने हो । ब्यापार गर्ने होईन ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि: दमक: ०२३-५८०९१४
जनक कार्की : ९८५२६७०१७४/९८०१४०१४४१
भगवान बस्नेत : ९८५२६७००३१
भट्टा सम्पर्क : ९८०१४१४०४२/९८०१४०१४०

ठूलो ट्यांकीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक : देवीप्रसाद सिटौला (९८४२७६०२६५/९८२४९७९१९५)



बिर्तामोड: राजकुमार श्रेष्ठ ९८०६०१०४१०

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।

झापा डाइग्नोस्टिकको सेवा
रेडियोलोजिष्टको क्षेत्रमा लामो अनुभव प्राप्त गरी भरपर्दो सेवा प्रदान गर्दै आउनु भएका चिरपरिचित डा. तिलकचन्द्र शाहको भिडियो एक्सरे क्लिनिक (झापाडाइग्नोस्टिक) हिमाल फार्मेसीबाट दमक प्रहरी थाना अगाडि इसा कम्प्लेक्समा सरेको आम सेवाग्राहीमा जानकारी गराउँदछौं ।
: सम्पर्क नम्बर: ९७०४५४४८९९/०२३-५७७४१४

## दैनिक राशिफल

आज मिति २०८२ साल वैशाख १६ गते मंगलबार 29 Apr. 2025 तिथि: द्वीतिया



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | कार्यमा सफलता । जीवनसाथीसँग विवाद । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मान्यजनबाट सहयोग । सामान्य लाभ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | कार्यमा अवरोध । सामान्य लाभ । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | मनमा अशान्ति । सवारीसाधनमा केहि समस्या । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | भाईबहिनीबाट सहयोग । पराक्रम बढ्ने । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | खर्च बढ्ने । आफन्तबाट सहयोग । |
| तुला | रा री रु रे रो ता ती तु ते | उत्तम भोजन । परोपकारको कामबाट मनमा शान्ति । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | मनमा अशान्ति । खर्च बढ्ने । |
| धनु | य यो भा भी भ धा फा ढ भे | आयमूलक काम गर्ने दिन । दिदी, भिनाजु, दाजुबाट सहयोग । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मान्यजनको सहयोग । कार्यमा सफलता । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | ससुराली वा पिताजीसँग विवाद । व्यापारबाट सामान्य लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | शारीरिक समस्या । खर्च बढ्ने । |

KHDC कार्यक्रमको करामत

# बिरामी खोज्दै उपचार गरिँदै



दमक/ विमारीले अस्पताल र डाक्टर खोज्दै उपचार गर्ने पुरानै प्रचलन हो । तर दमकमा भने त्यसको विपरित प्रकृया चलिरहेको छ । केएचडिसी कार्यक्रम लागु भएपछि टोल-टोलमा महिला स्वास्थ्य सेविका तथा स्वास्थ्यकर्मीहरू प्रवेश गरी नसर्ने रोगहरू जस्तै उपचार उच्च रक्तचाप, मधुमेह, मुटुरोगी, मृगौला रोगी लगायत ४० वर्ष माथिका तथा उच्च जोखिम व्यहार भएका व्यक्तिहरूको टोलमै परिक्षण गरी उपचारको आवश्यक भएको व्यक्तलाई वडा डाक्टरहरू रहेको आधारभूत स्वास्थ्य केन्द्रमा रिफर गर्ने, सम्भव भएसम्मको रोगको पहिचान, उपचार त्यही गर्ने, सम्भव नहुनेलाई दमक अस्पताल तथा धरान स्थित विपि कोइराला विज्ञान प्रतिष्ठानका डा. संजिव शर्माको टोलीले परिक्षण पूरा गरी उपचारमा पठाउने गरिएको छ ।

यसै सन्दर्भमा रोगको पहिचान तथा उपचारका लागि सोमबार दमक वडा नं. ७ मा कार्यक्रमको शुभारम्भ गरिएको छ । सो वडामा ३ हप्ता यो कार्यक्रम चल्ने छ । महिला स्वास्थ्य सेविका, स्वास्थ्यकर्मीहरूको बीचको छलफल पछि वार्डका टोलटोल पसेर बिमारीको परिक्षण गर्दै उपचार गराउने पकृया अघि बढ्ने जनाइएको छ ।

दमक नगरपालिकाका प्रमुख रामकुमार थापाको प्रमुख आतिथ्य रहेको कार्यक्रमको अध्यक्षता सम्बन्धित वडाका वार्ड अध्यक्ष भीम पौडेलले गरेका थिए । अध्यक्षको हैसियतबाट पौडेलले भने-विकास भन्ने कुरा पहिलो मानिसको स्वास्थ्य र शिक्षा रहेछ । यसैलाई हामीले वडाको पहिलो प्राथमिकतामा राखेका छौं ।

सो अवसरमा स्वास्थ्य शाखाका फिल्ड अफिस डिल्ली भण्डारीले केएचडीसी स्वास्थ्य कार्यक्रम सम्बन्धमा जानकारी गराएका थिए । स्वास्थ्यकर्मी भीमा भट्टराईले सञ्चालन गरेको कार्यक्रममा आधारभूत स्वास्थ्य इन्चार्ज नरेन्द्र भट्टराईले स्वागत मन्तव्य राखेका थिए । यस अघि दमक नपाले वडा नं. १, २, ४, ५, ८ र ९ वडामा उक्त कार्यक्रम समापन गरी यो सातौं वडाको कार्यक्रम सुरू भएको छ ।

यी कार्यक्रमबाट अहिलेसम्म ६ हजार बढीले सेवा पाएको स्वास्थ्य शाखा प्रमुख ब्रजेश मेहताले जानकारी गराए ।

# खनाल चौतारी उद्घाटन

**रानीगाँउ/** पाँचथर जिल्लाको कुम्मायक गाउँपालिका वडा नं ४ रानीगाँउको वर डाडाँमा खनाल चौतारीको उदघाटन गरिएको छ । पण्डित रमाकान्त खनालका सन्तति रानीगाँउले खनालहरूले आ̂ना पूर्वज पितृहरूको बिरासतलाई कायम राख्नका लागि खनाल चौतारीको निर्माण गरिएको हो । खनाल चौतारीको पूर्व सामान्य प्रशासन राज्यमन्त्री डम्बरसिंह सम्वाहाम्फेले गरेका थिए । उद्घाटनका क्रममा सम्वाहाम्फेले खनाल परिवार र सम्वाहाम्फे परिवारको सम्बन्ध ऐतिहासिक रहेको र यो चौतारीले त्यो सम्बन्धलाई अझ मजवुत र कसिलो पार्ने उल्लेख गरे ।

कार्यक्रममा पृथ्वी मावि यासोकका प्रधानाध्यापक ऋषिराम गजुरेल,पूर्व प्रअ चन्द्रप्रसाद निरौला,सोही बिद्यालयका अध्यक्ष तथा कुम्वायक -१ का वडा अध्यक्ष देवेन्द्रकुमार लावती, यासोक देउराली सेवा समाजका अध्यक्ष पदम फेउदिन, कुम्वायक गाउँपालिका वडा न ४ का वडा अध्यक्ष फगेन्द्र सम्वाहाम्फे, सोही गाँउपालिकाका उपाध्यक्ष महेन्द्र बहादुर खड्का र अध्यक्ष बमप्रसाद लावती लगायतले शुभकामना मन्तव्य राखेका थिए । चौतारी निर्माण समितिका सदस्य तथा अग्रज व्यक्तित्व यादव खनालले स्वागत मन्तव्य राखेको उक्त कार्यक्रममा रानीगाँउले खनाल बंशावली निर्माण तथा सम्पादन समितिका संयोजक ओमप्रसाद खनालले रानीगाँउले खनालहरूले तयार गरेको बंशावलीको वारेमा प्रकाश पारेका थिए ।

***बसपार्क...***गरिने भएको छ ।

बसपार्कको सुन्दरता नगरको पहिचान हो, यो पार्क भएर टाढा-टाढादेखिका हजारौं यात्रीहरू आवत जावत गर्दछन् । बसपार्कको सुन्दरताले ती व्यक्तिहरूमा दमक प्रतिको धारणा नै वेग्लै रहने मेयर थापाले बताएका छन् । उनले त्यहाँ उपस्थित, प्रहरी प्रमुख, ट्राफिक प्रहरीहरू, नगर प्रहरी तथा बसपार्क व्यवस्थापन समितिलाई, सवारी साधनहरूलाई व्यवस्थित गरेर राख्न, सरसफाईमा ध्यान दिन, सुरक्षाको प्रत्याभूति दिलाउन सकृय रहन आग्रह गर्दै यि कार्यहरू पुरा गर्न नपाको सँधै साथ सहयोग रहने प्रतिबद्धता जाहेर गरेका छन् ।

सो अवसरमा दमक उद्योग वाणिज्य संघका अध्यक्ष गोपाल गुरागाईले बसपार्क भित्रको विकृति, छरफस्ट सवारी साधन तथा अव्यवस्थित ठेलाहरूले बसपार्कलाई कुरूप बनाउँदै लगेको कुरा औल्याउँदै सौन्दर्यकरणका लागि संघको तर्फबाट सहयोग पुऱ्याउन तत्पर रहेको बताएका छन् । १८ लाख ५६ हजार ७ सय ७० रूपैयाँको लागतमा निर्माण हुन गइरहेको पार्क २०८२ जेठ मसान्तसम्म पूरा हुने जानकारी गराइएको छ ।

***आवासीय...***निर्णय गरेको थियो । बैठकले निजी मेडिकल कलेजको मागलाई ध्यानमा राखेर स्नातक एमबिबिएस र बिडिएसको सिट संख्या र शुल्क संरचना पुनरावलोकनका लागि गठित ११ सदस्यीय कार्यदलले सुझावसहितको प्रतिवदन स्वीकार गरेको छ ।

***राजावादीहरु...***मुद्रामा देखिए । २०७८ मंसिरको महाधिवेशनपछि लामो समय बोलचाल नै बन्द भएका यी दुई नेताबीच पहिलो पटक यो तहको सौहार्दता देखिएको हो ।

खासगरी गत वर्ष फागुन २५ मा पूर्वराजा ज्ञानेन्द्र शाह पोखराबाट फर्किँदा स्वागतमा नाममा जुटेका राजावादीको संख्या देखेर यी दुई नेता उत्साहित छन् । हजारौँ सहभागी भएपछि दुई नेताले एक हुँदाको शक्ति बुझे पनि अझै एकतातिर अघि बढ्न सकेका छैनन् ।

खासगरी चैत १५ गते दुर्गा प्रसाईं र नवराज सुवेदीको शक्ति प्रदर्शन हिंसात्मक बनेपछि यी नेता झस्किएका छन् । राजावादी आन्दोलनलाई प्रसाईंको हातमा सुम्पेको भन्दै लिङ्देनले त निर्मल निवासमा पुगेर पूर्वराजासँग असन्तुष्टि पनि जाहेर गरिसकेका छन् । यद्यपि पूर्वराजाले प्रसाईंलाई आफूले जनकमान्डर नबनाएको जवाफ दिएका थिए । राप्रपाले बल्खुमा गत २६ चैतमा गरेको कार्यक्रममा पनि राजावादी यसरी जुटेका थिएनन् । तर राप्रपा नेपालको मञ्चमा पुगेर राजावादीले एकताको सन्देश दिएका छन् । थापा र लिङ्देनबीचको यो सौहार्दताले अब उनीहरूमाथि कार्यकर्ता पंक्तिबाट एकताको दबाब बढ्न सक्नेछ । चैत १५ को तीनकुने प्रदर्शनबाट धक्का व्यहोरेको राजावादी आन्दोलनलाई उठाउन यी दुई नेतालाई एक ठाउँमा ल्याउने कोसिस पनि भइरहेको छ ।

सो कार्यक्रमलाई सम्बोधन गर्दै राप्रपा अध्यक्ष लिङ्देनले सबै देशभक्त र राष्ट्रवादी समूहलाई एकजुट हुन आह्वान गरेका छन् । उनले देशको समस्याबाट मुक्ति पाउनका लागि पूर्वाग्रह त्यागेर एकजुट हुनुपर्ने आवश्यकता रहेको बताए । उनले- 'सबै देशभक्त शक्तिहरूलाई सबै प्रकारका आग्रह र पूर्वाग्रह त्यागेर देशलाई निकास दिन अघि बढ्नुपर्ने छ । यस कार्यका लागि राप्रपा सधैँ तयार रहेको बताए ।'

लिङ्देनले राप्रपामा एकजुट हुनका लागि सबैसँग मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गर्दै थप भने, 'हामी सबैसँग मिलेर काम गर्न तयार छौँ । यसमा कुनै द्विविधा छैन । अहिले सिङ्गो देशले हामीलाई आशाको नजरले हेरिरहेको छ ।'

लिङ्देनले अहिले देश सबैभन्दा अप्ठेरो परिस्थितिबाट गुज्रिरहेको बताए । उनले देहलाई भ्रष्टाचार र कुशासनले आक्रान्त बनाएको र भावी सन्ततिको भविष्य समेत संकटमा परेको बताए । उनले प्रजातन्त्र र लोकतन्त्रको नाममा देशमा लुटतन्त्र र निरंकुशता बढ्दै गएको दाबी गरे। 'यसको अन्त्यका लागि हामी बाहेक अर्को कुनै विकल्प र शक्ति छैन,' लिङ्देनले भने ।

कार्यक्रममा राप्रपा नेपालका अध्यक्ष थापाले पहिलो पटक राजेद्र लिङ्देनको नेतृत्वको स्वीकारेका छन् । थापाले शान्ति बाटिकामा आयोजित पार्टीको कार्यक्रमलाई सम्बोधनका क्रममा लिङ्देनको नेतृत्वलाई स्वीकारेका हुन् । उनले आफूहरु अलग अलग पार्टीमा रहे पनि एजेन्डामा एकै ठाउँ रहेको टिप्पणीसमेत गरेका छन् ।

थापाले मञ्चमा सँगै उभिएका लिङ्देनको हात समातेर उनलाई नेता मान्न तयार भएका हुन् । त्यसपछि थापा र लिङ्देनसँगै केशरबहादुर विष्ट र राजावादी आन्दोलनका संयोजक नवराज सुवेदी पनि हात समात्न आइपुगे ।

'हामी एक ठाउँमा छौँ, एक भएर रहन्छौँ । एउटा कुरा प्रष्ट छ, राप्रपा देशको अहिलेको सबैभन्दा ठूलो र बलियो राष्ट्रवादी शक्ति हो', उनले भने, 'राप्रपाले नै सबैलाऐ समेट्ने गरी अघि बढ्नुपर्छ ।

# अवैध वित्तिय कारोबारमा संलग्न २१ जना पक्राउ

**काठमाडौं/** झण्डै १८ अर्ब रूपैयाँ अवैध कारोबारमा संलग्न रहेको अभियोगमा केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले २१ जनालाई पक्राउ गरेको छ । ब्युरोका अनुसार अवैध वित्तीय कारोबारमा संलग्न विभिन्न मनि चेन्जर तथा त्यसका सञ्चालकसमेत २१ जनालाई पक्राउ गरिएको हो ।

उनीहरूले १७ अर्ब ८६ करोड ७० लाख ३९ हजार १०७ रूपैयाँ कारोबार गरेको पाइएको ब्युरोले जनाएको छ । ब्युरोका अनुसार विदेशबाट विप्रेषण बापत प्राप्त हुने रकम आप्रवाहमा अवरोध गरी आन्तरिक विप्रेषणको नाममा नेपालमा अवैध कारोबार (भन्सार चोरी पैठारी, सुनको अवैध कारोबार, कर छली) लगायतमा संलग्न रहेका व्यक्ति तथा समूहले अवैध कारोबार बापत प्राप्त गरेको गैरकानूनी रकमलाई उनीहरूले परिचालन गरेको पाइएको छ । ब्युरोले अवैध रकमलाई विभिन्न रेमिटेन्स भुक्तानी गर्न अनुमति लिएका मनी ट्रान्सफरहरूले उक्त डिजिटल वालेट कम्पनीहरूमार्फत ई-मनि बनाई सो रकमलाई रेमिट्यान्सबापत भुक्तानी पाउनु पर्ने विदेशमा रहेका नेपाली कामदार तथा विद्यार्थीहरूका नेपालमा रहेका आफन्तहरूको खातामा ट्रान्सफर गरी रेमिटेन्स बापतको रकम हिसाब मिलान गरेको देखिएको जनाएको छ ।

# टेलिकमको तार काट्ने तीनजना पक्राउ

**बिर्तामोड/** झापाको कनकाईस्थित सुरूंगा बजार आसपासमा नेपाल टेलिकमको तार काटिरहेको अपस्थामा तीनजनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा झापा गौरादह-५ बस्ने ४० वर्षीय सूर्यबहादुर कार्की, झापा-६ बस्ने २८ वर्षीय रूपचन्द्र राजवंशी र कनकाई-४ बस्ने २८ वर्षीय सुरेश विक रहेका छन् । उनीहरूले आइतबार कनकाई ३ सुरूङ्गास्थित पशुपति बोर्डिङ स्कुलअगाडि टेलिकमको तार काटिरहेको बेला प्रहरीले पक्राउ गरेको हो । उनीहरूलाई टेलिकमको तार र तार काट्ने सामग्रीसहित नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

# अवैध चामलमा सील

**विराटनगर/** वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले अवैध रूपमा आयात गरेको १५० बोरा चामल सिल गरेको छ । विराटनगर हुँदै एपल ब्रान्डको चामल अवैध रूपमा आयात गरेको पाइएपछि उक्त चामल बिक्री वितरणमा रोक लगाइएको विभागका वरिष्ठ अधिकृत अमित झाले जानकारी दिए । बोरामा ३० किलो परिमाण रहेको उक्त १५० बोरा चामल घैला ब्रान्डको चामलसँगै काठमाडौँ ल्याउँदै गरेको भेटिएको झाले बताएका छन् । 'सञ्चालक नरेश राठीले उत्पादनकर्ताको नाम ठेगाना नराखी बजारमा पठाउने गरेको भेटिएको छ ,' उनले भने । यसरी अवैध रूपमा आयात गर्ने सञ्चालकलाई कारबाही हुने समेत उनले बताएका छन् ।

# चुलाचुलीमा दुई दिने साहित्य उत्सव

**चुलाचुली/** इलामको चुलाचुली गाउँपालिकामा बैशाख १८ र १९ गते आयोजना हुने 'चुलाचुली साहित्य उत्सव २०८२' को तयारी तीव्र पारिएको छ । साहित्य उत्सवमा कोशी प्रदेशका ७० जना बढी सर्जकले आफ्ना सृजना प्रस्तुत गर्ने कार्यक्रम तय भएको छ ।

चुलाचुली गाउँपालिकाले गठन गरेको 'भाषा, साहित्य, कला, संस्कृति तथा पर्यटन समन्वय समिति'को आयोजनामा चुलाचुली ५ चपेटीस्थित भञ्ज्याङ एग्रो टुरिजममा हुने उत्सवको तयारी अन्तिम चरणमा पुगेको समितिका अध्यक्ष विवश बलिभद्र कोइरालाले बताए । चुलाचुलीको पर्यटनको सम्भावनालाई साहित्यसँग जोड्ने लक्ष्य समेत रहेको उनको भनाई छ । उत्सवको पहिलो दिन 'प्रतिनिधिमूलक कविता वाचन', 'कवि र कविता' र 'गजल साँझ' आयोजना हुनेछ । सोही दिन ग्रामीण पर्यटन प्रवर्द्धनमा साहित्यको योगदान विषयक बहस समेत हुनेछ । उत्सवका अवसरमा साहित्यकार अभागी थेगुवालाई सम्मानित गरिने छ भनें उपन्यासकार श्याम सिंगकको उपन्यास कोइलाखादाको लोकार्पण समेत गरिने कार्यक्रम रहेको अध्यक्ष कोइरालाले बताए ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

घर बिक्रीमा



दमक बजार संखधर चोकदेखि १०० मिटर पश्चिम (पूरानो इलाका प्रशासन कार्यालय पूर्व) व्यवसायका लागि अत्यन्त उपयुक्त भवन बिक्रीमा छ ।
सम्पर्क: ९८५२६७०४५५

# हावाहुरी र चट्याङबाट पशु र कृषिमा ठूलो क्षति

**दमक/** दुई दिनको हावाहुरी र चट्याङले कोशी प्रदेशका विभिन्न जिल्लाहरूमा क्षति पुऱ्याएको छ । झापास्थित हल्दिबारी गाउँपालिका-२ का जयराम मुर्मुको गोठमा सोमबार दिउँसो १२ बजे चट्याङ पर्दा २/२ वटा गाईबाछी, १/१ वटा बाख्रा र पाठो मरेका छन् । त्यसैगरी भोजपुरमा १५ गते राती आमचोक गाउँपालिका-३ का हरी सुवेदीको गोठमा चट्याङ पर्दा एउटा भैंसी र एएटा पाडो मरेको छ ।

यसैगरी, चट्याङले लागेर खोटाङमा एकजना महिला गंभीर घाइते भएकी छन् भने तीनवटा घरमा क्षति पुगेको छ । सोमबार खोटाङ हलेसी तुवाचुङ नगरपालिका वडा नं. १० नवलपुरमा वर्षासंगै परेको चट्याङले लागेर ५९ वर्षीया रेणुका राई गंभीर घाइते भएकी हुन् । जिल्ला अस्पताल दिक्तेलमा उपचार हुन नसकी उनलाई थप उपचारको लागि टिचिङ अस्पताल काठमाण्डौतर्फ लगिएको छ ।

चट्याङले रेणुका राईको ढुङ्गा माटोले बनेको फुसको छानो लगाएको एकतले घरमा क्षति पुगेको छ । त्यस्तै साही ठाउँ बस्ने खड्गबहादुर राई र पदमबहादुर राईको घरको मिटर बक्समा क्षति पुगेको प्रहरीले जनाएको छ ।

यस्तै, संखुवासभाको मकालु गाउँपालिका-३ स्थितमा चट्याङले लागेर १२ वटा भैंसी, ४ वटा गाई र १ वटा गोरू मरेका छन् । बैशाख १४ गते दिउँसो वर्षा संगै परेको चट्याङले लागेर चरनमा चरिरहेको अवस्थामा स्थानिय पुष्पलाल भण्डारीको ८ वटा भैसी, एउटा गाई, प्रेम प्रसाद भण्डारीको ४ वटा भैंसी, २ वटा गाई र कृष्ण राईको एउटा गाई र एउटा गोरू मरेका छन् ।

उक्त स्थानमा इलाका प्रहरी कार्यालय हेदाङनाबाट प्रहरी टोली खटि गएको छ । घटना स्थल हेदाङनाबाट ३५ किलोमिटर उत्तर पश्चिम तथा सदरमुकामबाट १०० किलोमिटर टाढारहेको छ ।

यसैगरी, तेह्रथुममा पनि क्षति पुऱ्याएको छ । सोमबार राती लालीगुँरास नगरपालिका-५ कि गिता कार्कीको ढुङगा माटोको ३ तल्ले घरमा चट्याङ पर्दा गारो चर्किएको र घरको भित्र रहेको अन्नपात, भाडा वर्तन, लत्ताकपडा पुर्ण रूपमा जलि नष्ट भएको, खोरमा रहेको २ वटा बाख्रा मरेका छन् । उदयपुरमा पनि सोमबार गते राती ०१:३० बजे रौतामाई गाँउपालिका- ५ का चक्र बहादुर राईको घरमा हावा हुरी संगै परेको चट्याङले लागेर ढुङगा माटो टिनको छानो भएको २ तले घर र घर भित्र रहेको अन्नपात, लत्ताकपडा, भाडावर्तन र एउटा सुंगुर समेत जली करिव ५ लाख ५० हजार बरावरको क्षेति भएको ।

# ज्येष्ठ नागरिक भवन निर्माण

**शिवसताक्षी/** झापाको शिवसताक्षी वडा नं. ६ ज्येष्ठ नागरिक भवन निर्माण गरिएको छ । वडाका ज्येष्ठ नागरिकहरूलाई बस्ने रमाइलो गर्ने र विभिन्न कार्यक्रमहरू गर्ने उद्देश्यले वडा नं. ६ को शिवगञ्जमा ज्येष्ठ नागरिक भवन निर्माण गरिएको हो । वडा कार्यालय र साहरा नेपालको साझेदारीमा उक्त भवन निर्माण गरिएको वडाध्यक्ष मनोज खुलाल कार्कीले बताए । उनले ज्येष्ठ डेढ कट्ठा जग्गामा १८ लाख ५० हजारको लागतमा भवन निर्माण गरिएको जानकारी दिए । जसमा ११ लाख ५० हजार वडाको विनियोजित रकम रहेको छ । भवनको टिनको छाना रहेको भवनका ३० फुट चौडाई र ८० फुट लम्बाईको शौचालय सहितको भवन निर्माण भएको छ ।

भवन निर्माण भएपछि ज्येष्ठ नागरिकलाई धेरै सहज भएको ज्येष्ठ नागरिक वडा नं. ६ का अध्यक्ष चक्रप्रसाद लुईटेलले बताए ।

# प्रतिष्ठानद्वारा पुरस्कृतको प्रतिभाको घोषणा

झापा । रूद्र गौरी श्री अम्बिका ओली प्रतिष्ठान भद्रपुर झापाले २०८१ का तीन विधाका पुरस्कार सम्मान तथा समर्पण गर्ने निर्णय सार्वजनिक गरेको छ ।

प्रतिष्ठानले दिएको जानकारी अनुसार १ लाख १ हजार १ सय ११ रूपियाँ राशीको गौरा देवी ओली स्मृति राष्ट्रिय आदर्श आमा पुरस्कार २०८१ मानव अधिकार एकल महिला समूहलाई प्रदान गर्ने निर्णय गरेको छ भने सोही राशीको अम्बिका देवी ओली स्मृति राष्ट्रिय साहित्य तथा पत्रकारिता पुरस्कार, विस २०८१ बाट पत्रकार बिनु सुवेदीलाई, १ लाख १ हजार १ सय ११ रूपियाँ राशीको देवी ओली स्मृति राष्ट्रिय बाल पुरस्कारबाट सदिक्षा पण्डित (हेलम्बु ) र त्रिदेव पौडेल (नवलपरासी) लाई संयुक्त रूपमा प्रदान गर्ने निर्णय गरेको हो ।

हरेक वर्ष प्रदान गर्दै आएका दिएको पुरस्कार तथा सम्मान समर्पण २०८२ साल वैशाख २० गते शनिबारका दिन बिहानको ११ बजे नेपाल पर्यटन बोर्डको सभा कक्ष प्रदर्शनी मार्गमा प्रतिनिधि सभाकी उपसभामुख इन्दिरा रानाको प्रमुख आतिथ्यतामा वितरण गरिने प्रतिष्ठानका अध्यक्ष गंगाप्रसाद ओलीले जानकारी दिए ।

## मालपोत कार्यालय दमक झापाको ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना

उप्रान्त जिल्ला झापा गौरीगञ्ज गाउँपालिका वडा नं. ०४ बस्ने चकालु गिरीको पत्नी सुरलाल गिरीको छोरी सुमित्रा गिरीले निजको पति चकालु गिरीको मिति २०८०।०९।११ मा मृत्यु भएको, मृतक पतिको बाबु (ससुरा बाबु ) जुवा गिरीको मिति २०५१ ।०१।०९ मा र निजको पत्नी फलानी गिरीको समेत मिति २०६०।१०।२० मा मृत्यु भएकोले मृतक ज.ध. ससुरा बुवा जुवा गिरीको नजिकको हकदार आफू मात्र रहेकोले मृतक जुवा गिरीको नाममा दर्ता श्रेस्ता कायम रहेको तपशिलमा उल्लेखित जग्गा मृतक ज.ध.को नजिकको हकदार आफूमात्र रहेकोले आफ्नो नाममा हाल साविक / नामसारी गरी पाऊँ भनी द.नं. १५४३९ मिति २०८०।११।२२ मा निवेदन पेश गरेकोमा ज.ध. श्रेस्ता पूर्जामा ज.ध.को तीन पुस्ते विवरण नभएको, निवेदवको पति चकालु गिरीको नागरिकता प्रमाण पत्र एवम् मृत्यु दर्ता प्रमाण पत्रमा चकालु गिरीको बाबुको नामथर कचलु गिरी रहेको तर ज.ध. श्रेस्ता पूर्जा र मृत्यु दर्तामा समेत निजको नाम थर जुवा गिरी रहेकोले हकदावी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गर्ने मिति २०८१।१०।१५ मा आदेश भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । निवेदकको माग दावी बमोजिम मृतक ज.ध. जुवा गिरीको नाममा दर्ता श्रेस्ता कायम रहेको उल्लेखित जग्गा मृतक ज.ध. को छोरा बुहारी निवेदक सुमित्रा गिरीको नाममा हाल साविक / नामसारी गर्दा कोहि कसैको हकहिस्सा वा स्वामित्वमा असर पर्न जाने भएमा यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र आफ्नो सबुत प्रमाण सहित हकदावी गर्न यस कार्यालयमा आउनु होला । अन्यथा कानून बमोजिम भई जाने छ । पछि कुनै प्रकारको उजूर बाजूर लाग्ने छैन ।

तपशील

| जग्गा धनिको नाम, थर | गा.वि.स/न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | नामसारी माग गर्ने | कै |
|---|---|---|---|---|---|---|
| ज.ध. जुवा गिरी<br>बाबु : x<br>बाजे : x | गौरीगञ्ज<br>गौरीगञ्ज | ४<br>४ | ३५६<br>३७६ | ०-२-५<br>०-१-५ | निवेदक : सुमित्रा गिरी<br>बाबु : सुरलाल गिरी<br>पति : चकालु गिरी<br>ना.प्र.नं. ०४३०५०-१४७<br>मिति २०६३/१२/०३ झापा | |

*इति सम्वत् २०८१ साल माघ २४ गते रोज ५ शुभम् ।*

## नि:शुल्क तालिम

नेपालको सर्वाधिक सीप सिकाउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यताप्राप्त भएको चन्द्रसूर्य सीप विकास संस्थामा विभिन्न विषयको नि:शुल्क तालिमको व्यवस्था भएकोले गरीब, विदेश जाने, बेरोजगार, शरणार्थी, SEE, +2 दिने विद्यार्थीहरुले सम्पर्क राख्नुहोला । साथै CTEVT बाट लिइने Level 1 & Level 2 को परीक्षाको सबै विषयको तालिम दिइनेछ ।

तालिमका विषयहरू

- ककमेन
- वारिस्ता
- वेटर
- स्काफोल्डिङ
- वेल्डर
- स्प्रे पेन्टिङ
- कटिङ
- सेल्समेन
- ब्युटीपार्लर
- कम्प्युटर
- पंखा, मोटर मेकानिक
- मोबाइल मर्मत
- इलेक्ट्रिसियन
- सेक्युरिटी गार्ड
- वेल्डर
- कोरियन भाषा
- प्लम्बर
- ड्राइभिङ
- Motivation/Leadership
- एसी/फ्रिज मेकानिक
- हाउस किपिङ एण्ड केयर गिभर
- उद्घोषण (रेडियो/टिभी स्टेज)

फाराम शुल्क रू. २५०।

फारम भरिसकेपछि अनिवार्य २ विषयमा नि:शुल्क नाम लिकालिने छ । सीप सिकिसकेकाहरुलाई सीप प्रमाणित गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता प्राप्त सर्टिफिकेट प्रदान गरिन्छ ।

सिट सिमित भएकाले तुरुन्त सम्पर्क गर्नुहोला । फारम भर्ने अन्तिम मिति: २०८२।३।३०

### चन्द्रसूर्य सीप विकास संस्था

दमक-९,झापा (फोन: ०२३-५८५१२०/९८५२६७५५०२) बिर्तामोड शाखा: ९८०७९१८१२८

प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, प्रबन्धक: सुवासचन्द्र भट्टराई, कार्यकारी सम्पादक: खगेन्द्र कार्की, ले-आउट: सुरेन बस्नेत, सल्लाहकार सम्पादक: पंकज दाहाल
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२/५८१७०७, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com